मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

वर्ष ३ • अंक २७१ • २०८२ साल भाद्र ०५ गते बिहीबार • Thursday 21, August 2025 • सूर्योदयः बिहान ५:३९ बजे • सूर्यास्तः साँझ ६:३७ बजे • पृष्ठ ८ • मूल्य रु. ५/-

## पर्सा र बारामा नयाँ सिडिओ

**मधेशदृष्टि**
**वीरगंज ।**
गृह मन्त्रालयले २० सहसचिव र २४ उपसचिवको सरुवा गर्दा बारा र पर्साका प्रमुख जिल्ला अधिकारी परिवर्तन भएका छन् ।
पर्साका प्रमुख जिल्ला अधिकारी गणेश अर्यालको गृह मन्त्रालयमा सरुवा भएको छ । अर्यालको ठाउँमा तोय नारायण सुवेदी आउने भएका छन् । सुवेदी जिल्ला प्रशासन कार्यालय पाल्पामा प्रमुख जिल्ला अधिकारी थिए ।
बाराका प्रमुख जिल्ला अधिकारी वसन्त अधिकारीलाई सिरहाको प्रमुख जिल्ला अधिकारीका रूपमा सरुवा गरिएको छ । उनको ठाउँमा चितवनका प्रमुख जिल्ला अधिकारी प्रकाश पौडेल बारा आउने भएका छन् ।
काठमाडौँका प्रमुख जिल्ला अधिकारी ऋषिराम तिवारीलाई मन्त्रालयको आन्तरिक व्यवस्थापन महाशाखामा कामकाजमा खटाएर मन्त्रालयको प्रशासन महाशाखा प्रमुखको जिम्मेवारीमा रहेका छविलाल रिजाललाई काठमाडौँको प्रमुख जिल्ला अधिकारी बनाइएको छ ।
मन्त्रालयमा आन्तरिक व्यवस्थापन महाशाखा प्रमुखको जिम्मेवारीमा रहेका जयनारायण आचार्यलाई भने प्रशासन महाशाखामा कामकाजमा खटाइएको छ ।

# योजनामा १,२०० माग २४,७७४ योजनै स्थगित

*एउटा स्यालो ट्युबवेल जडान गर्न एक लाखदेखि तीन लाख रुपैयाँसम्म खर्च लाग्ने अनुमान गरिएको छ । ट्युबवेलमा सौर्य ऊर्जा प्रणाली जडान गर्दा थप लागत लाग्छ भने पानीको सतह कति छ भन्ने कुराले पनि खर्च निर्धारण गर्छ ।*

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेशका जनतालाई १८ करोड रुपैयाँको स्यालो ट्युबवेल वितरण योजना स्थगित भएको छ । प्रदेश सरकारले १ हजार २ सय जनालाई स्यालो ट्युबवेल वितरणको योजना बनाइएकामा माग २५ हजारको हाराहारीमा पुगेपछि दबाब थेग्न नसक्ने अवस्थामा प्रदेश सरकार पुगेको हो । स्यालो ट्युबवेल वितरण स्थगित गर्न प्रदेश सरकार बाध्य भएको छ ।
'सुक्खा क्षेत्र सहयोग कार्यक्रम' मार्फत मधेश प्रदेश सरकारअन्तर्गत भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले किसानलाई वितरण गर्ने तयारी गरेको स्यालो ट्युबवेलका लागि बजेट अपुग हुने भएपछि कार्यक्रम स्थगित भएको हो । भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले १८ करोड रुपैयाँ बजेट विनियोजन गरेको थियो । एक हजार २ सय स्यालो ट्युबवेल वितरण गर्ने योजना बनाएर आवेदन माग भएको थियो । तर ट्युबवेलका लागि २४ हजार ७ सय ७४ किसानले आवेदन दिएपछि प्रदेश सरकारलाई माग पूरा गर्न दबाब परेको हो ।
मन्त्रालयले सातदिने सूचना प्रकाशित गरी ट्युबवेल प्राप्त गर्न चाहने किसानले कम्तीमा दुई बिघा खेतीयोग्य जमिनको प्रमाणित लालपुर्जा कृषि ज्ञान केन्द्रमा बुझाउनुपर्ने प्रावधान राखेको थियो। किसानको अत्यधिक आवेदन परेपछि बजेट अपुग हुने देखिएकाले कार्यक्रम नै स्थगित गरिएको जनाइएको छ । स्यालो ट्युबवेलका लागि सबैभन्दा बढी धनुषाका चार हजार ६ सय ४५ किसानले आवेदन दिएका छन् ।
त्यसैगरी, रौतहटबाट तीन हजार ९ सय २२, सप्तरीबाट तीन हजार ८१, पर्साबाट तीन हजार ४४, सिरहाबाट दुई हजार ७ सय ४४, बाराबाट दुई हजार ३ सय ९१, महोत्तरीबाट दुई हजार ५ सय ८५ र सर्लाहीबाट दुई हजार ३ सय ६२ स्यालो ट्युबवेलका लागि सम्बन्धित कृषि ज्ञान केन्द्रमा आवेदन परेको छ ।
भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयका कृषि अधिकृत अभिनाश झाले आवेदन अपेक्षाभन्दा तीनगुणा बढी आएकाले बजेटले नभ्याउने हुँदा कार्यक्रम स्थगित गरिएको जानकारी दिए । उनले भने, 'मागअनुसार बजेट निकै कम छ । अब कसलाई वितरण गर्ने र कसलाई नगर्ने भन्ने दोधारमा छौँ, त्यसैले यस कार्यक्रमका लागि सङ्घीय सरकारसँग थप सहयोग माग्ने योजना रहेकाले हालका लागि स्थगित गरिएको छ ।'
एउटा स्यालो ट्युबवेल जडान गर्न एक लाखदेखि तीन लाख रुपैयाँसम्म खर्च लाग्ने अनुमान गरिएको छ । ट्युबवेलमा सौर्य ऊर्जा प्रणाली जडान गर्दा थप लागत लाग्छ भने पानीको सतह कति छ भन्ने कुराले पनि खर्च निर्धारण गर्छ ।

### कहाँ कति माग ?

धनुषामाः ४,६४५
रौतहटमाः ३,९२२
सप्तरीमाः ३,०८१
पर्सामाः ३,०४४
सिरहामाः २,७४४,
बारामाः २,३९१,
महोत्तरीमाः २,५८५
सर्लाहीमाः २,३६२
स्रोतः कृषि ज्ञान केन्द्रका शाखाहरु




**राहत दिने विषयमा छलफल**

बुधबार केन्द्र सरकारले मधेशमा पर्याप्त पानी नपरेकाले सङ्कटग्रस्त प्रदेश घोषणा गरेपछि सङ्घीय कृषि तथा पशुपक्षी विकासमन्त्री रामनाथ अधिकारीको नेतृत्वमा रहेको संसदीय टोलीले मधेश प्रदेश सरकारसँग छलफल गरेको छ ।
मधेश प्रदेशका भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयमा आयोजित छलफलमा मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंह, मधेश प्रदेशका भूमि व्यवस्था कृषि तथा सहकारीमन्त्री जनार्दन सिंह क्षेत्रीसहितका उच्च अधिकारी सहभागी थिए । कृषिमन्त्रीको टोलीमा सङ्घीय संसद्का सदस्यहरू रामकृष्ण यादव, देवप्रसाद तिम्सिना, हरिप्रसाद उप्रेती र अमनलाल मोदी सहभागी थिए ।
कार्यक्रममा मन्त्री अधिकारीले मधेश प्रदेश सरकारले सुक्खाग्रस्त क्षेत्र घोषणा गरेपछि सङ्घीय सरकारले पनि मधेश प्रदेशलाई सङ्कटग्रस्त प्रदेश घोषणा गरेकाले मधेशको वास्तविक अवस्था बुझ्न आएको बताए ।
कृषिमन्त्री अधिकारीले सरकारले मलको सहज आपूर्तिका लागि खरिद गरेको अनुदानको रासायनिक मल वास्तविक किसानको हातमा पुऱ्याउन विशेष सजगता अपनाउन प्रदेश सरकारलाई आग्रह गरे । मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहले सङ्घीय सरकारले खडेरीको मारमा परेका मधेशका किसानलाई उचित राहत दिन चाँडोभन्दा चाँडो राहत प्याकेज घोषणा गर्न आग्रह गरे । उनले उखुमा किसानलाई दिँदै आएको अनुदानलाई निरन्तरता दिन र रासायनिक मलको सहज आपूर्तिको व्यवस्था मिलाउन आग्रह गरे ।
कार्यक्रममा मधेश प्रदेशका भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयका सचिव डा उमेश दाहालले मधेशको समग्र कृषि तथा पशुपक्षीपालनको अवस्थाका विषयमा जानकारी गराए । मन्त्री अधिकारीसहितको टोलीले धनुषाको बनिनियास्थित धानबाली अनुसन्धान केन्द्र तथा नक्टाझीस्थित कृषि फर्मको स्थलगत अनुगमन पनि गरेको थियो ।

# परमादेशविरुद्ध मधेशमा आक्रोश
## प्रहरी र प्रदर्शनकारीबीच झडप

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
सर्वोच्च अदालतले गौर घटनामा अनुसन्धान अगाडि बढाउन गरेको परमादेशको विरोधमा मधेश प्रदेशका विभिन्न जिल्लामा व्यापक प्रदर्शन भएको छ । जनकपुरधाम, राजविराज, वीरगंज, कलैया, मलंगवा, गौर, जलेश्वर र सिरहामा पार्टी नेता तथा कार्यकर्ताले प्रधानमन्त्री केपी शर्मा ओलीको पुत्ला दहन गर्दै विरोध प्रदर्शन गरेका हुन् । जनकपुरधामको भानुचोकमा भएको प्रदर्शनका क्रममा प्रहरी र समाजवादी युवा संघका प्रदर्शनकारीबीच झडप भएको छ ।
झडपमा समाजवादी युवा संघका पुण्यप्रताप पटेल घाइते भएका छन् । उनलाई उपचारकालागि प्रादेशिक अस्पताल जनकपुरमा भर्ना गरिएको छ । सर्वोच्च अदालतले गौर घटनाको अनुसन्धानका लागि करिब १९ वर्षपछि परमादेश जारी गरेको हो । गौर घटनामा तत्कालीन मधेशी जनअधिकार फोरम र माओवादीबीच झडप हुँदा दर्जनौँको मृत्यु भएको थियो । राइस मिलमा दुवै पार्टीले कार्यक्रम आयोजना गरेपछि भिडन्त भएको थियो । जसपा नेपालका नेताहरुले परमादेश जारी हुनु राजनीतिक प्रतिशोधको परिणाम भएको आरोप लगाएका छन् । भूमि सम्बन्धी अध्यादेशमा जसपा नेपालको अडानका कारण सरकारले संविधान संसोधन नगरेपछि सर्वोच्चले परमादेश जारी गराउन बाध्य भएको हो ।
जसपा नेपालका नेता कार्यकर्ताहरूले मधेश प्रदेशको सप्तरीदेखि पर्सासम्म विरोध प्रदर्शन गर्दै आएका छन् । पार्टी अध्यक्ष उपेन्द्र यादवले भने, 'निष्पक्ष अनुसन्धान होस्, हामी सहयोग गर्नेछौँ ।' जसपा नेपाल मधेश प्रदेशका अध्यक्ष वालकिशोर यादवले भने, 'हामी आन्दोलनमा नभई शान्तिपूर्ण ढंगले मधेशी जनताको माग पुरा गराउन प्रयासरत छौँ । खस मानसिकता भएका नेताहरूले मधेशलाई शान्ति कायम गर्न दिन नसकेका कारण हामी बाध्य भएर आन्दोलनमा गएको हो ।' केन्द्रीय सदस्य जितेन्द्र यादवले केपी ओली सरकारले मधेशी जनतालाई आर्थिक र राजनीतिक रूपमा नियन्त्रणमा राख्ने प्रयास गरिरहेको आरोप लगाउँदै परमादेशमार्फत मधेशलाई आक्रान्त बनाउने लक्ष्य राखेको टिप्पणी गरेका छन् ।
प्रदर्शनका क्रममा टायर बालेर सडक अवरुद्ध गरिएको थियो । केही स्थानमा प्रहरी र प्रदर्शनकारीबीच सामान्य झडप भएको छ । मंगलबार काठमाडौँमा पनि जसपा नेपालका करिब एक दर्जन नेताहरूलाई प्रहरीले पक्राउ गरी मध्यरातमा छोडेको थियो ।

# एमालेद्वारा केन्द्रीय कमिटी बैठक आह्वान

**मधेशदृष्टि**
**काठमाडौँ ।**
नेपाल कम्युनिष्ट पार्टी एमालेले केन्द्रीय कमिटी बैठक बोलाएको छ । ललितपुर, च्यासलस्थित एमाले केन्द्रीय कार्यालयमा भदौ १३ गते बिहान ११ बजे १०औँ केन्द्रीय कमिटी बैठक बोलाइएको एमाले केन्द्रीय कार्यालय सचिव डा. भीष्म अधिकारीले जानकारी दिए । उनका अनुसार दोस्रो विधान महाधिवेशनको तयारीका लागि बैठक बोलाइएको हो । उनले बैठकमा महाधिवेशनमा पेस गर्ने विधान संशोधन प्रस्ताव प्रतिवेदनबारे छलफल गरिने जानकारी दिए । विधान संशोधन प्रस्ताव प्रतिवेदन पार्टी उपाध्यक्ष विष्णुप्रसाद पौडेलले पेस गर्नेछन् । एमालेले विधान संशोधन प्रस्तावमाथिको सुझाव पठाउन मातहतका कमिटीलाई भदौ १० गतेसम्मको समयसीमा दिएको छ । कार्यालय सचिव डा. अधिकारीले विधान संशोधनसम्बन्धी सुझावलाई समेटेर प्रतिवेदन केन्द्रीय कमिटी बैठकमा पेस गरिने र छलफलपछि पारित गरिने बताए । यसअघि नवौँ केन्द्रीय कमिटी बैठक साउन ५ र ६ गते बसेको थियो । दोस्रो विधान महाधिवेशनमा दुई हजार १ सय २८ जना प्रतिनिधि र थप २ सय ६४ जना आयोजक गरी दुई हजार ३ सय ९२ जना सहभागिता हुनेछ । एमालेको दोस्रो विधान महाधिवशेन ललितपुरको गोदावरीस्थित सनराइज हलमा भदौ २० देखि २२ गतेसम्म हुनेछ ।

# विद्युत् सर्ट भएर निभासामा आगलागी



**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको वीरगंज महानगर पालिका–२१, परवानीपुरस्थित निभासा इन्डष्ट्रिज प्रालिमा बुधबार बिहान भीषण आगलागी भएको छ । उद्योगमा भएको विद्युत् सर्टका कारण आगो लाग्दा करिब ३९ लाख २० हजार रुपैयाँ बराबरको क्षति भएको प्रारम्भिक अनुमान छ ।
प्रहरीका अनुसार बिहान ९:४५ बजे उद्योगमा अचानक विद्युत् सर्ट भई आगलागी शुरु भएको थियो । फरजना खातुनको स्वामित्वमा रहेको तीनतल्ले पक्की घरको भुइँतल्लामा सञ्चालित उद्योगमा रहेका विभिन्न महत्त्वपूर्ण मेसिन र उपकरणहरू जलेर नष्ट भएका छन् । घटनापछि प्रहरी चौकी परवानीपुर, सशस्त्र प्रहरी बल श्रीपुर र जिल्ला प्रहरी कार्यालय पर्साबाट खटिएको करिब ३० जनाको टोली, स्थानीय बासिन्दा र दमकलको सहयोगमा आगो नियन्त्रणमा लिइएको हो । संयुक्त प्रयासमा करिब एक घण्टापछि आगो पूर्ण रूपमा नियन्त्रणमा ल्याइएको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ । आगलागीमा कुनै पनि मानवीय वा चौपायाको क्षति नभएको बताइएको छ । आगलागीबाट भएको क्षतिको प्रारम्भिक विवरण अनुसार करिब ३२ लाख रुपैयाँ बराबरको हिट ट्रान्सफर्मर मेसिन, २ लाख २० हजार रुपैयाँको सर्भो स्टेबलाइजर, ३ लाख रुपैयाँको रोलिङ मेसिन र २ लाख रुपैयाँको वाइरिङ पाट्र्स जलेर नष्ट भएका छन् । कुल क्षति अनुमानित ३९ लाख २० हजार रुपैयाँ बराबरको रहेको प्रहरीले जनाएको छ ।

# द्रूतमार्गको मुख्य चुनौती शुरु विन्दु निर्धारण र जग्गा प्राप्ति

**काठमाडौँ ।**
रक्षा मन्त्रालयले नेपाली सेनाको व्यवस्थापनामा अघि बढिरहेको मुलुकका सर्वाधिक महत्त्वको राष्ट्रिय गौरवको आयोजना काठमाडौँ तराई–मधेश द्रुतमार्ग (फास्ट ट्र्याक' को 'शुरू विन्दु निर्धारण र जग्गा प्राप्ति' प्रमुख समस्याका रूपमा रहेको निक्र्योल गरेको छ ।मन्त्रालयको आर्थिक वर्ष २०८१–८२ को चौथो त्रैमासिक प्रगति समीक्षा तथा मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठकमा खोकना इलाकामा जग्गा अधिग्रहणसम्बन्धी समस्याले द्रूतमार्गको शुरू विन्दु निर्धारण र सवारी अवागमन व्यवस्थापन सम्बन्धमा निर्णय गर्न बाँकी नै रहेको जानकारी दिइयो ।
मन्त्रालयको प्रगति समीक्षा प्रतिवेदनमा भनिएको छ, 'द्रूत मार्गको प्रस्थान विन्दुदेखि ६.५ किमीसम्म पर्ने प्याकेज नं ११ मा जग्गा अधिग्रहणसम्बन्धी समस्या रहेको तथा प्रस्थान विन्दु र सवारी अवागमन सम्बन्धमा निर्णय नहुँदा यो खण्डको प्रक्रिया अगाडि बढाउन नसकिएको अवस्था छ ।' आयोजनाको त्यस आर्थिक वर्षमा ६७.५ मात्र भौतिकतर्फ वार्षिक लक्ष्य प्राप्ति भएको थियो ।
त्यससम्बन्धी निर्णय गर्न बाँकी रहेकाले यो खण्डको खरिद तथा निर्माणकार्य प्रभावित भइरहेको मन्त्रालयको भनाइ छ । यद्यपि दूरतमार्गको शुरू विन्दु तथा सवारी आवागमन व्यवस्थापन सम्बन्धमा विस्तृत सम्भाव्यवता अध्ययन भई प्रतिवेदन भने पेस भइसकेको छ । शुरू विन्दु र सवारी आवागमन व्यवस्थापनका विषयमा यथाशीघ्र निर्णय हुनुपर्ने मन्त्रालयको धारणा छ ।
गतवर्ष अत्यधिक वर्षकाकारण केही स्थानमा भौगोलिक परिवर्तन भएकाले नयाँ अध्ययन र 'डिजाइन' गर्नुपर्ने भएको तथा निर्माण व्यवसायीबाट प्रयाप्त दक्ष जनशक्ति नखटाएका कारण लक्ष्य बमोजिम वित्तीय तथा भौगोलिक प्रगति हासिल हुन नसकेको मन्त्रालयले स्पष्ट गरेको छ । रक्षामन्त्री मानवीर राईले हालसम्म आयोजनाको भौतिक प्रगति विश्लेषण गर्दा द्रूतमार्गको निर्माण कार्यलाई लक्षित समयभित्र पूरा गर्न थप मेहनत गर्नुपर्ने आवश्यकता देखिएको बताए । उनले भने, 'आर्थिक वर्ष २०८१–८२ मा आयोजनाको प्रगति अघिल्लो वर्षको लक्ष्यको तुलनामा ६७ प्रतिशत मात्र छ । यसप्रति सम्बन्धित आयोजना प्रमुख, कार्यक्रम सञ्चालन गर्ने निकायका प्रमुख तथा अन्य समन्वयकारी निकायको विशेष ध्यानाकर्षण गर्न चाहन्छु ।'
मन्त्री राईले आयोजना ढिलाइ हुँदा लागत बढ्ने मात्र नभइ वर्तमान पुस्ता सोको प्रतिफल उपभोग गर्नबाट वञ्चित रहने भएकाल सबैको साझा प्रयास र पहल आवश्यक रहेको बताए । ललितपुरको खोकना क्षेत्र प्रस्थान विन्दु भई बाराको निगढ अन्तिम बिन्दु कायम रहेको ७०.९७७ किमी दूरीको आयोजनाको हालसम्मको समष्टि प्रगति ४२.१३ तथा वित्तीय प्रगमि ४४ प्रतिशत छ । हाल प्रतिदिन करिब दुई हजार ८२ जनालाई रोजगारी दिइरहेको करिब दुई खर्ब ११ अर्ब ९३ करोड रुपैयाँ लागतको आयोजना विसं २०८३ चैत मसान्तसम्ममा पूरा गर्ने लक्ष्य निर्धारण गरिएको छ ।
राष्ट्रिय योजना आयोगका उपाध्यक्ष प्राडा शिवराज अधिकारीले राष्ट्रिय गौरव र प्राथमिकता प्राप्त आयोजना छनोट र निर्धारणमा बढी सचेतना अपनाउनुपर्ने तथा लक्ष्य अनुरूप आयोजना पूरा हुन नसक्नुका कारण र समन्वयकासाथ अघि बढाउन चाल्नुपर्ने कदमबारे निर्मम समीक्षा जरुरी भएको बताए ।
प्रधानसेनापति अशोकराज सिग्देलले आयोजना र कार्यक्रमलाई अघि बढाउने क्रममा देखिएका ढिलासुस्ती तथा कमी कमजोरीलाई हटाउँदै लैजान आवश्यक रहेको धारणा व्यक्त गरे । मन्त्रालयका सचिव रामेश्वर दङ्गालले लक्ष्य निर्धारण गरिएअनुसार भौतिक प्रगति र पुँजीगत खर्च नभएको पाटोलाई गम्भीर समीक्षा गर्दै आगामी दिनमा त्यसलाई दोहरिन नदिने वाचासहितको कार्ययोजना र अनुगमनलाई चुस्त तुल्याउन जरुरी देखिएको बताए ।
राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय पूर्वाधार विकास निर्माण समितिका अध्यक्ष बालानन्द शर्माले विश्वविद्यालयका लागि कानुन, भौतिक पूर्वाधार तथा पाठ्यक्रम निर्माणका काम द्रूतरूपमा अघि बढिरहेको जनाउँदै विश्वविद्यालयका लागि आवश्यक ६ किलोमिटर पहुँच मार्ग निर्माणका लागि आग्रह गरे ।
बैठकमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्का कार्यालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका प्रतिनिधिले हुम्ला, सुनकोशी र महाकालीमा तत्कालै बेलिब्रिज जडान गरी आवागमन सहज तुल्याउन सेनाले गरेको कार्य प्रशंसानीय रहेको जनाउँदै सबै मुलुकवासीले आशा गरेको द्रूतमार्ग निर्माणलाई छिटो सम्पन्न गर्न सुझाव दिए । समीक्षामा मन्त्रालय र निकायबाट सम्पादित मुख्य कार्य, बजेट र खर्चको विवरण, राष्ट्रिय गौरव र प्राथमिकता प्राप्त कार्यक्रम कार्यान्वयनको स्थिति, गैर–सैनिक व्यक्तिको रोजगारीको विवरण, सेनाबाट सञ्चालित कार्यक्रम, शान्ति सेनामा नेपाली सेनाको सहभागिता तथा बेरुजु फछ्र्यौटलगायत विषयमा प्रस्तुतिसहित गहन छलफल भयो ।
आर्थिक वर्षमा मन्त्रालय र मातहतका निकायका लागि विनियोजित कूल बजेटको ९५.९४ प्रतिशत खर्च भएको तथ्याङ्क रहेको छ । यसमध्ये चालुतर्फ ९९.८ प्रतिशत र पुँजीगततर्फ ५९.७१ प्रतिशत प्रगति भएको छ । यसअघि बैठकमा मन्त्री राईसँग सचिव दङ्गाल तथा सचिव दङ्गालसँग प्रधानसेनापति सिग्देलले वार्षिक कार्यसम्पादन सम्झौता गरेका थिए ।

# मन्त्री यादवद्वारा प्रथम जलभूगर्भ सम्मेलनको उद्घाटन

**मधेशदृष्टि**
**काठमाडौं ।**
नेपाल हाइड्रोजियोलोजिकल एसोसिएसनद्वारा आयोजित प्रथम नेपाल जलभूगर्भ सम्मेलन एक भव्य समारोहबिच उद्घाटन भएको छ । कार्यक्रममा खानेपानी मन्त्री प्रदीप यादवले सम्मेलन उद्घाटन गर्दै जलवायु परिवर्तन र दिगो खानेपानी व्यवस्थापनका चुनौतीहरूको समाधानका लागि यस सम्मेलन महत्वपूर्ण साबित हुने विश्वास व्यक्त गरे । सम्मेलनमा नेपाल तथा विदेशका ख्यातिप्राप्त जल व्यवस्थापन विज्ञ, नेपाल सरकारका विभिन्न निकाय, त्रिभुवन विश्वविद्यालय, गैरसरकारी संस्था र सरोकारवाला संस्थाहरूका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो । करिब १५० भू–वैज्ञानिक, भूमिगत जल विज्ञ, इन्जिनियर र वातावरण विज्ञहरूले सम्मेलनमा सहभागिता जनाए । उद्घाटन समारोहमा मन्त्री यादवले जलवायु परिवर्तन र अनियन्त्रित जनसंख्या वृद्धिका कारण सतही जलस्रोतमा परेको अत्यधिक चाप र भूमिगत जलको तीव्र दोहनले दीर्घकालीन समस्या निम्त्याउन सक्ने चिन्ता व्यक्त गरे । उनले सम्मेलनबाट प्राप्त अनुसन्धानमा आधारित छलफल र सुझावहरूले दीर्घकालीन नीति निर्माणमा मद्दत पुग्ने विश्वास व्यक्त गर्दै भने, 'निष्कर्षहरू प्रदेश र संघ सरकारलाई उपलब्ध गराइ खानेपानी अभावका संकटग्रस्त क्षेत्रहरूको समाधानमा योगदान पुग्ने विश्वास छ ।' सम्मेलनले भूमिगत जलस्रोतको संरक्षण, दिगो उपयोग र खानेपानी व्यवस्थापनमा ठोस रणनीति निर्माणमा महत्वपूर्ण भूमिका खेल्ने लक्ष्य राखेको आयोजकले बताएका छन् । मन्त्री यादवले सम्मेलनको पूर्ण सफलता र महत्त्वपूर्ण निष्कर्षहरू प्राप्त हुनेमा शुभकामना व्यक्त गर्दै समग्र जल व्यवस्थापन सुधारका लागि सबै सरोकारवालाको सक्रिय सहभागिताको आवश्यकता औंल्याए ।

# शिक्षक महासङ्घको आन्दोलनबारे रिट




**मधेशदृष्टि**
**काठमाडौं ।**
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र नेपाल शिक्षक महासङ्घबीच भएको ९ बुँदे सहमति कार्यान्वयन नभएको भन्दै महासङ्घले भदौ दोस्रो हप्तादेखि चरणबद्ध आन्दोलन गर्ने घोषणा गरेको छ । आन्दोलनको विरोधमा कानुनका विद्यार्थी अर्जुन साह र राहुल साहले सर्वोच्च अदालतमा रिट दर्ता गरेका छन् । दायर गरिएको रिटमा विद्यार्थीहरूले शिक्षक महासङ्घको आन्दोलनले शिक्षण अधिकारमा असर पुर्याउने भएकाले तत्काल हस्तक्षेप गर्न अदालतसँग माग गरेका छन् । साहले दायर गरेको रिटमा शिक्षक पेशा सार्वजनिक सेवासँग प्रत्यक्ष सम्बन्धित भएकाले यसलाई अन्य सार्वजनिक सेवाजस्तै अविच्छिन्न रूपमा सञ्चालन गरिनुपर्ने तर्क राखिएको छ । शिक्षा मन्त्रालय र शिक्षक महासङ्घबीच भएको ९ बुँदे सहमति कार्यान्वयन नभएको आरोपका कारण महासङ्घले चरणबद्ध आन्दोलन घोषणा गरेको हो । तथापि, विद्यार्थीको तर्फबाट दायर गरिएको रिटले आन्दोलनप्रति कानुनी प्रश्न उठाएको छ । अदालतको निर्णयपछि मात्रै आन्दोलन अघि बढ्ने सम्भावना रहेको छ ।

# राष्ट्रिय मुक्ति पार्टीको केन्द्रीय कार्यकारिणी बैठक पाँचौँ दिनसम्म निरन्तर जारी



**मधेशदृष्टि**
**काठमाडौं ।**
राष्ट्रिय मुक्ति पार्टी नेपालको केन्द्रीय कार्यकारिणी समिति बैठक श्रावण ३१ गतेदेखि प्रारम्भ भई बुधबारसम्म पाँचौँ दिनसम्म पनि निरन्तर जारी रह्यो । बैठक पार्टी अध्यक्ष राजेन्द्र महतोको अध्यक्षतामा पार्टीको केन्द्रीय कार्यालय काठमाडौंमा भइरहेको हो । बैठकमा महासचिवहरू मिनमार तामाङ, सन्तोष मेहता र अनिल महासेठ, कोषाध्यक्ष नरेन्द्र बज्राचार्य, प्रवक्ता रविन्द्र कुमार श्रेष्ठ, सह–महासचिवहरू जयलाल साह, मोहम्मद नेजामुद्दिन समानी, रबि दत्त मिश्र, राजेश पुनमगर, सचिवहरू फोनिराम चौधरी, संजय कुमार चौधरी र मोहम्मद हुसेन खान सहभागी छन् । त्यस्तै, पार्टीको अनुशासन समितिका अध्यक्ष संजय कुमार सिंह र निर्वाचन समितिका अध्यक्ष अरुण कुमार सिंहले समेत विभिन्न प्रस्ताव प्रस्तुत गरेका थिए । प्रस्तुत प्रस्तावहरूमाथि उपस्थित सदस्यहरूले धारणा राख्ने कार्य बुधबार पनि निरन्तर जारी रह्यो । बैठकमा आन्तरिक संरचना सुदृढीकरण, संगठन विस्तार, अनुशासन पालन, निर्वाचन तयारी तथा पार्टीको दीर्घकालीन रणनीति सम्बन्धी विषयमा छलफल भइरहेको नेताहरूले जनाएका छन् । पार्टीका प्रवक्ता श्रेष्ठका अनुसार बैठकले महत्त्वपूर्ण नीतिगत निर्णयहरूको लागि व्यापक छलफल गरिरहेको छ । उनले भने, 'संगठनलाई थप मजबुत बनाउने, आन्तरिक व्यवस्थापनलाई प्रभावकारी बनाउने र आगामी निर्वाचनका लागि स्पष्ट रणनीति तय गर्ने एजेन्डामा बैठक केन्द्रीत छ ।' बैठक आज बिहान ११ बजे पुनः बस्ने र प्रस्तुत प्रस्तावहरूमाथि सदस्यहरूले आफ्नो धारणा राख्ने कार्य निरन्तर जारी रहने पार्टीले जनाएको छ ।

# ब्राउन सुगरसहित महिला पक्राउ

**मधेशदृष्टि**
**बारा ।**
बाराको फेटा गाउँपालिका–१ त्रिवेणी टोल बस्ने करिब ४० वर्षीया पार्वती महतोलाई लागुऔषध ब्राउन सुगरसहित पक्राउ गरिएको छ । जिल्ला प्रहरी कार्यालय बाराका अनुसार विशेष सूचनाका आधारमा इलाका प्रहरी कार्यालय प्रसौनीबाट खटिएको टोलीले उनलाई नियन्त्रणमा लिएको हो । प्रहरी नायब निरीक्षक रामकिशुन यादवको नेतृत्वमा गरिएको खानतलासीको क्रममा महतोको घरभित्र कपडाको झोलामा राखिएको प्लाष्टिकको सानो बट्टाभित्र लुकाइराखेको १० ग्राम १६० मिलिग्राम ब्राउन सुगर फेला परेको जिल्ला प्रहरी प्रमुख एसपी सन्तोष कुमार तामाङले जानकारी दिए । पक्राउ परेकी महतोलाई नियन्त्रणमा लिएर थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ । प्रहरी अनुसन्धानको क्रममा महतोले ब्राउन सुगर कहाँबाट ल्याइरहेकी थिइन् भन्ने विषयमा पनि जानकारी सङ्कलन भइरहेको छ । एसपी तामाङका अनुसार बरामद लागुऔषधको मात्रा र प्रयोजनका आधारमा आवश्यक कानुनी कारबाही अघि बढाइनेछ ।

# लागूऔषध गाँजासहित एक जना पक्राउ




**मधेशदृष्टि**
**रौतहट ।**
गुजरा नगरपालिका–२ बाट प्रहरीले ५५ वर्षीय गोपालबहादुर थिङलाई लागूऔषध गाँजासहित नियन्त्रणमा लिएको छ । जिल्ला प्रहरी प्रमुख एसपी नेत्रमणि गिरीका अनुसार थिङ आफ्नै घरमा गाँजा खरिद–बिक्री गर्दै आएको गोप्य सूचनाको आधारमा पक्राउ परेका हुन् ।

प्रहरी चौकी रंगपुर र इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरको संयुक्त टोलीले उनको घरमा खानतलासी गर्दा कोठामा लुकाइराखेको करिब ३.५ किलो गाँजा बरामद गरिएको छ । सोही क्रममा प्रहरीले ७८ हजार नेपाली रुपैयाँ र ६ सय १० भारतीय रुपैयाँ समेत फेला पारेको जनाएको छ ।

एसपी गिरीका अनुसार पक्राउ परेका थिङलाई थप अनुसन्धानका लागि इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरमा राखी अनुसन्धान भइरहेको छ । प्रहरी अनुसन्धानको क्रममा थिङले गाँजा कहाँबाट ल्याएका हुन् भन्ने विषयमा जानकारी सङ्कलन गरिरहेको छ । थिङमाथि लागूऔषध खरिद–बिक्री सम्बन्धी थप कानुनी कारबाही अघि बढाइने पनि प्रहरीले जनाएको छ ।

# वडाध्यक्ष साहको निधन



**मधेशदृष्टि**
**सप्तरी ।**
राजगढ गाउँपालिका वडा नम्बर–५ मलेकपुरका वडा अध्यक्ष देवेन्द्र साह (उपनाम दुःखीलाल) को मंगलबार राति उपचारको क्रममा निधन भएको छ । ७० वर्षीय साहको उपचार भरतपुरस्थित क्यान्सर अस्पतालमा भइरहेको थियो । गाउँपालिका अध्यक्ष ओमप्रकाश मण्डलका अनुसार साह लामो समयदेखि क्यान्सर रोगबाट पीडित थिए ।

देवेन्द्र साह २०७९ साल वैशाखमा भएको स्थानीय तहको निर्वाचनमा जनता समाजवादी पार्टी (जसपा) नेपालबाट ४९७ मत ल्याएर निर्वाचित भएका थिए । साहको निधनले वडाका स्थानीय बासिन्दा र पार्टी नेतृत्वमा शोकको छाया परेको छ ।


# कोहिनूर बचत तथा ऋण सहकारी संस्था लि.

बिरगंज १५, पर्सा

## कर्जा चुक्ता गर्न आउने बारेमा ३५ दिने अत्यन्तै जरूरी सुचना

प्रकाशित मिति :- २०८२/०५/०५ पहिलो पटक

यस कोहिनुर बचत तथा ऋण सहकारी संस्था लि.का मिति २०८२/०५/०५ तपसिलमा उलेखित ऋणीहरुले यस संस्थाबाट उपभोग गरेको कर्जा समय समयमा बुझाउनु पर्ने साँवा,ब्याज आदि नतिरी नबुझाई ऋण लिदा गरेको शर्त कबुलियत उलंघन गरेको र संस्थाले मौखिक एवम लिखित रुपमा पटक पटक तर ताकेता गर्दा समेत सो कर्जाको तिर्नु पर्ने साँवा,ब्याज तथा हर्जाना ब्याज समेत चुक्ताभुक्तान नगरेको हुँदा यो सूचना पहिलो पटक प्रकाशित गरिएको मितिले ३५ दिन भित्रमा कर्जाको सम्पूर्ण साँवा,ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्नुहुन यो सूचना पहिलो पटक प्रकाशित गरिएको छ । अन्यथा उल्लेखित मिति भित्रमा बुझाउनुपर्ने सम्पूर्ण कर्जा साँवा,ब्याज तथा हर्जाना समेत भुक्तान नगरेमा यस संस्थालाई कर्जाको सुरक्षण बापत लेखिदिएको तपसिल बमोजिमको धितोमा रहेको चलअचल सम्पति जहाँ जे जस्तो अवस्थामा छ सोहि अवस्थामा लिलामबिक्रिगरि वा अन्य व्यवस्था गरि संस्थाको साँवा, ब्याज तथा हर्जाना लगायत असुली कारवाहीको सिलसिलामा भएको अन्य खर्चहरु समेत असुल उपर गरि लिने तथा लेना रकम असुल उपर नभएको खण्डमा तपाई ऋणीहरु तथा धनजमानी दिनेको घर घरानार चलअचल सम्पतिबाट असुल उपर गरिनुका साथै प्रचलित नियम कानुन बमोजिम तपाई ऋणी तथा जमानीकर्तालाई कालो सुचिमा राख्न सिफारिश गर्ने व्यहोरा समेत ऋणी,जमानी कर्ताहरु तथा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

तपसिल

| सि.नं. | ऋणीको नाम, ठेगाना | कर्जाको सुरक्षण बिवरण |
|---|---|---|
| १. | ऋणी : रेखा देवी<br>पति : रामबाबु प्रसाद यादव<br>बुवा : चन्द्रिका राउत अहिर<br>ससुरा : गोरख राउत अहिर<br>कर्जा शिर्षक :व्यापार कर्जा | श्री गोरख राउत अहिर को बुहारी रामबाबु प्रसाद यादव को श्रीमति रेखा देवी बारा जिल्ला बरैनिया वडा नं. ९ बस्ने ना.प्रा.न ३३३०८८/४६४ मिति २०६३/१०/१२ बारा बर्ष ४३ को रेखा देवी को नाममा एकलौटी दर्ता कायम भएको पर्सा जिल्ला बागेश्वरी तित्रौना, नगवा बी वडा न ६,५ र ३ ख स्थितका किता नं. २१३,४९१ र २२०, २२१ को जग्गाको क्षेत्रफल ०,०३००.००,०,०२०५.०० र ०-०-६,०-०-६-८ को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घरजगामा कुनै थप निर्माण कार्यहरु भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत । |
| २. | ऋणी : फुलझरिय कोइरीन<br>पति : सत्यनारायण महतो कोइरी<br>बुवा : नरसिंह महतो<br>ससुरा : सुनरमन महतो कोइरी<br>कर्जा शिर्षक :व्यापार कर्जा | श्री सुनरमन महतो कोइरी को बुहारी सत्यनारायण महतो कोइरी को श्रीमति फुलझरिय कोइरीन पर्सा जिल्ला भौराटार वडा नं. ३ बस्ने ना.प्रा.न १३५२०४५१ मिति २०३५/०३/०७ पर्सा बर्ष ८३ को फुलझरिय कोइरीन को नाममा एकलौटी दर्ता कायम भएको पर्सा जिल्ला भौराटार वडा नं. २ स्थितका किता नं. ६५९ को जग्गाको क्षेत्रफल २५८२.०५ को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घरजगामा कुनै थप निर्माण कार्यहरु भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत । |
| ३. | ऋणी : गिता देवी<br>पति : भोला महतो<br>बुवा : कैलाश महतो धानुक<br>ससुरा : लखन महतो धानुक<br>कर्जा शिर्षक :व्यापार कर्जा | श्री लखन महतो धानुक को बुहारी भोला महतो को श्रीमति गिता देवी पर्सा जिल्ला बहुअरी पिडरी वडा नं. १ बस्ने ना.प्रा.न ३४३००८/२२२ मिति २०६४/०१/११ पर्सा बर्ष ४६ को गिता देवी को नाममा एकलौटी दर्ता कायम भएको पर्सा जिल्ला पचरुखी वडा नं. ६ स्थितका किता नं. ५७६ को जग्गाको क्षेत्रफल १६९३.१५ को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घरजगामा कुनै थप निर्माण कार्यहरु भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत । |
| ४. | ऋणी : कुटुरुस मिया<br>पत्नी : नईमा खातुन<br>बुवा : हनिफ मिया धोबी<br>बाजे : शेख मिया धोबी<br>कर्जा शिर्षक :व्यापार कर्जा | श्री शेख मिया धोबी को नाती हनिफ मिया धोबी को छोरा कुटुरुस मिया पर्सा जिल्ला बहुअरी पिडरी वडा नं. १ बस्ने ना.प्रा.नं. ३४/०१/७१/०८४३७ मिति २०७१/११/११ पर्सा बर्ष २८ को कुटुरुस मिया को नाममा एकलौटी दर्ता कायम भएको पर्सा जिल्ला बहुअरी पिडरी वडा नं. ७ स्थितको किता नं. ७४६ को जग्गाको क्षेत्रफल ११२.७५ को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घरजगामा कुनै थप निर्माण कार्यहरु भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत । |
| ५. | ऋणी : भागवत सिंह राजपुत<br>पत्नी : सारदा देवी<br>बुवा : बैजनाथ सिंह<br>बाजे : अनमोल सिंह<br>कर्जा शिर्षक :व्यापार कर्जा | श्री अनमोल सिंह को नाती बैजनाथ सिंह को छोरा भागवत सिंह राजपुत पर्सा जिल्ला सिर्सिया नौ.त.ज वडा नं. ९ बस्ने ना.प्रा.नं. ८८७०१००५ मिति २०३५/०३/२६ पर्सा बर्ष ८२ को भागवत सिंह राजपुत को नाममा एकलौटी दर्ता कायम भएको पर्सा जिल्ला सिर्सिया नौ.त.ज वडा नं. ९ स्थितको किता नं. ८०, ८२, १८१,२७२,२७४ को जग्गाको क्षेत्रफल ८२९.६३, १३९.६८, ६३.५१, १८६.२३, १६९.३० को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घरजगामा कुनै थप निर्माण कार्यहरु भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत । |

# जनताको विश्वास बिना प्रहरी प्रभावकारी हुँदैनः डिआइजी चतुर्वेदी

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेश प्रहरी प्रमुख डिआइजी उमा प्रसाद चतुर्वेदीले प्रदेशभित्र अपराध नियन्त्रणलाई प्राथमिकता राखिएको बताएका छन् । उनले अपराधका विषयमा कुनै पनि किसिमको सम्झौता वा लापरबाही स्वीकार्य नहुने चेतावनी दिँदै अपराध घट्ने बित्तिकै तत्कालीन कारबाही हुने बताएका छन् । 'प्रहरीलाई जनताको सुरक्षा र शान्ति कायम राख्ने जिम्मेवारी छ । अपराध गर्ने व्यक्ति वा समूहसँग मिलेमतो गर्ने वा सम्झौता गर्ने प्रश्नै आउँदैन,' चतुर्वेदीले भने । उनका अनुसार मधेशमा दिनप्रतिदिन बढ्दै गएका आपराधिक गतिविधि, तस्करी, अवैध कारोवार तथा कानूनविपरीतका गतिविधिमाथि प्रहरीले शून्य सहनशीलताको नीति अख्तियार गरेको छ । अवैध हतियार, लागुऔषध कारोबार र हिंसात्मक गतिविधि नियन्त्रणलाई उच्च प्राथमिकतामा राखिएको उनले बताए । डिआइजी चतुर्वेदीले जनताको विश्वासबिना प्रहरी प्रभावकारी नहुने औंल्याउँदै प्रहरी–समुदायबीचको सहकार्यलाई अझ सुदृढ बनाउन विभिन्न अभियान सञ्चालन भइरहेको जानकारी दिए । उनले स्थानीय स्तरमा सचेतना, समन्वय र निगरानीमार्फत अपराध नियन्त्रणमा द्रुत सुधार ल्याउने योजनाबारे पनि बताए । 'हामीले मधेशलाई सुरक्षित, शान्त र कानूनी शासनमा आधारित प्रदेश बनाउन प्रतिबद्धता जनाएका छौं । अपराधी जस्तोसुकै हैसियतको भए पनि कानुनको दायराभित्र ल्याइन्छ,' चतुर्वेदीले भने ।

# महिला अधिकारकर्मीको धर्ना दोस्रो दिन पनि जारी



**मधेशदृष्टि**
**सर्लाही ।**
सर्लाही सदरमुकाम मलंगवामा बहुविवाह वैधीकरणको प्रयासविरुद्ध महिला अधिकारकर्मीले दोस्रो दिन पनि धर्ना जारी राखेका छन् ।
शहीद चोकमा सहभागीहरूले 'बहुविवाह सहदैनौं', 'नारी शोषण बन्द गर', 'मेरो शरीर मेरो अधिकार' जस्ता नारा प्रदर्शन गरेका छन् ।
महिला मानव अधिकार रक्षक सञ्जाल सर्लाहीकी अध्यक्ष रम्भा झाले महिलामाथि विभेद बढाउने कानुन रोक्न दबाबका लागि धर्ना राखिएको बताउँदै यो अभियान निरन्तर जारी रहने जानकारी दिइन् ।
कार्यक्रममा नागरिक महासचिव शिवचन्द्र चौधरी र मानव अधिकार रक्षक सञ्जालका अध्यक्ष मुकेश कुमार मिश्रसहित स्थानीय संघसंस्थाका प्रतिनिधि सहभागी थिए ।

# स्वास्थ्यकर्मी घरघरमै पुगेर उपचार र खोजीमा



**मधेशदृष्टि**
**सर्लाही ।**
सर्लाहीको लालबन्दी नगरपालिका–२ पुनर्वास क्षेत्रमा पछिल्ला वर्षहरूमा क्षयरोग (टीबी) को संक्रमण तीव्र रुपमा बढेपछि स्वास्थ्यकर्मीहरू घरदैलोमै पुगेर उपचार र नयाँ बिरामीको खोजी अभियान सञ्चालन गर्न थालेका छन् । पुनर्वास क्षेत्र क्षयरोगको 'हटस्पट' बन्दै गएको आधारभूत स्वास्थ्य सेवा केन्द्र पुनर्वासका प्रमुख सन्तोषकुमार साहले जानकारी दिए । उनका अनुसार गत आर्थिक वर्ष २०८१/८२ मा मात्र सो वडामा ३५ जना नयाँ क्षयरोगी फेला परेका छन् । अघिल्लो वर्ष २०८०/८१ मा आठ जना र २०७९/८० मा तीन जनामा मात्र क्षयरोग पुष्टि भएको थियो । प्रमुख साहका अनुसार हाल नियमित उपचार गरिरहेका बिरामीलाई स्वास्थ्यकर्मी घरमै पुगेर सहयोग गरिरहेका छन् भने शंका लागेका व्यक्तिको घरमै गएर खकार सङ्कलन गरी लालबन्दी नगर अस्पतालमा ल्याएर परीक्षण गर्ने काम भइरहेको छ । 'हामीले जिम्मेवारीभन्दा बाहिरको कामसमेत निस्वार्थ भावले गरिरहेका छौँ । खकार बट्टामा संकलन गरेर ल्याबसम्म ल्याउनेदेखि बिरामीलाई आफ्नै सवारीसाधनमा अस्पताल पुर्याउनेसम्मका काम स्वास्थ्यकर्मीहरूले गर्दै आएका छन्,' साहले भने । पुनर्वास क्षेत्रमा विशेष गरी दलित (पासवान) समुदायको बसोवास छ । लालबन्दी नगरपालिकाको स्वास्थ्य शाखा प्रमुख मुमताज मिकरानीका अनुसार अशिक्षा, सरसफाइको कमी र पौष्टिक आहारको अभावका कारण सो समुदायमा क्षयरोगको संक्रमण बढी देखिएको हो । 'अशिक्षाका कारण सरसफाइमा कमी छ । पर्याप्त पोषणयुक्त खानेकुराको पहुँच छैन,' मिकरानीले भने । नगरपालिकाले आर्थिक अवस्था दयनीय रहेका बिरामीलाई समय–समयमा खाद्यान्न र पौष्टिक खानेकुरा वितरण गर्दै आएको स्वास्थ्य शाखाले जनाएको छ । लालबन्दी नगरपालिकाभित्र अहिले १८५ जना क्षयरोगी रहेका छन् । तीमध्ये सबैभन्दा धेरै लालबन्दी–२ पुनर्वास क्षेत्रमै रहेका छन् । चिकित्सकका अनुसार क्षयरोगीले खोकी वा हाच्छ्युँ गर्दा निस्कने थुकको छिटाबाट वा बिरामीको जुठो खाँदा संक्रमण फैलिने गर्दछ । क्षयरोगीलाई सरकारले निःशुल्क औषधि वितरण गर्दै आएको छ । स्वास्थ्यकर्मीका अनुसार कम्तीमा ६ महिना लगातार औषधि सेवन गर्नुपर्ने हुन्छ, त्यसपछि चिकित्सकको सल्लाहअनुसार उपचार अवधि थपिन सक्छ ।

# सप्तरीमा युवक मृत फेला

**मधेशदृष्टि**
**सप्तरी ।**
सप्तरीको महादेवा गाउँपालिका–२ महादेवा टोलका २२ वर्षीय लालु मण्डल आफ्नै घरभित्र मृत फेला परेका छन् । बुधबार बिहान करिब ६ बजे स्थानीयले मण्डललाई एकतले कच्ची घरको सुत्ने कोठामा काठको बलोमा गम्छाको पासो लगाएर झुण्डिएको अवस्थामा देखेपछि प्रहरीलाई खबर गरेका थिए । प्रहरी चौकी महादेवाबाट तत्कालै टोली घटनास्थल पुगेर घरलाई सुरक्षित बनाएको छ । घटनाको प्रकृति मुचुल्का संकलनका लागि जिल्ला प्रहरी कार्यालय सप्तरीबाट प्रहरी निरीक्षकको नेतृत्वमा फरेन्सिक टोली खटाइएको प्रवक्ता प्रहरी नायब उपरीक्षक जीतेन्द्रकुमार बस्नेतले जानकारी दिए । डीएसपी बस्नेतका अनुसार मृतकको शवलाई पोष्टमार्टमका लागि राजविराजस्थित गजेन्द्रनारायण अस्पताल पठाइएको छ । 'मृत्युको कारण अहिलेसम्म पुष्टि हुन बाँकी छ,' उनले भने, 'आवश्यक अनुसन्धानपछि मात्र विस्तृत विवरण सार्वजनिक गरिनेछ ।'

# सर्वसाधारणको आवतजावत कष्टकर



**मधेशदृष्टि**
**सप्तरी ।**
नेपाल–भारत सीमा नाकासँग जोडिने पुल वर्षौंदेखि निर्माण हुन नसक्दा स्थानीय बासिन्दा र यात्रुहरू आवतजावतमा ठूलो सास्ती भोग्न बाध्य छन् । जिल्लाको तिलाठी कोइलाडी गाउँपालिका बेल्ही भन्सारसँग जोडिएको कुनौली पुल निर्माण नहुनु मुख्य समस्या बनेको छ । पहिले बाँसको अस्थायी पुलमार्फत आवतजावत हुँदै आएको थियो । तर, करिब एक दशकअघि आएको बाढीले त्यो पुल बगाइदिएपछि हाल सर्वसाधारणले धुलो, हिलो र पानीमाझै बाटो हिँड्नुपर्ने बाध्यता रहेको स्थानीय राजविराज–७ कि सुनिता साहले जानकारी दिइन् । कुनौली बजार जिल्लाभरिका लागि मुख्य किनमेल केन्द्र भएकोले दिनहुँ करिब ५० हजार सर्वसाधारणले उक्त बाटो प्रयोग गर्दै आएका छन् । तर, पुल निर्माणमा कुनै ठोस पहल नहुँदा यहाँका स्थानीय तथा यात्रुहरूले दैनिक जीवनमा ठूलो असुविधा भोग्नु परेको छ । स्थानीय देवनारायण यादवले भने, 'यो बाटो हिँड्नैपर्ने बाध्यता छ । पानी र हिलोको समयमा जुत्ता–चप्पल हातमा बोकेर हिँड्नु परेको छ ।' राजविराज नगरपालिका–१ की अनिता कुमारी यादवले पनि अवरुद्ध पुलका कारण सामाजिक र आर्थिक दुवै दृष्टिबाट कठिनाइ बढेको बताइन् । 'यात्रा जोखिम भए पनि विपन्न उपभोक्ताले भारतको बजारमा सस्तो सामान लिन यहीँ बाटो प्रयोग गर्नुपर्छ । विवाह, व्रतबन्ध, उपचार जस्ता कामका लागि पनि यहीँ बाटो प्रयोग गर्न बाध्यता छ,' उनले भनिन् । स्थानीयका अनुसार पुलको निर्माण ढिलाइले स्थानीय जनजीवन मात्र नभई व्यापारिक गतिविधि र सीमा पारको सामाजिक–सांस्कृतिक सम्बन्धमा समेत असर परेको छ । सर्वसाधारणले बारम्बार स्थानीय प्रशासन र सम्बन्धित निकायसँग माग गर्दै आएको भए तापनि अहिलेसम्म स्थायी पुल निर्माणको सुरुवात हुन सकेको छैन । यसले प्रत्येक वर्ष बर्षा र बाढीको समयमा जोखिम बढाउने गरेको छ ।

# चुरे भेगमा बाढीले जनजीवन संकटमा



**मधेशदृष्टि**
**महोत्तरी ।**
महोत्तरीको उत्तरी चुरे क्षेत्र विगत केही दिनदेखि लगातार परेको वर्षाका कारण जोखिममा परेको छ । पाँचवटा वडाका दर्जनभन्दा बढी वस्ति र खेतीयोग्य जमिन बाढी तथा वर्षाबाट प्रभावित भएका छन् भने आवागमन ठप्प भएको छ । वडा नं ३, पर्साइधापका वडाध्यक्ष विराट विष्टका अनुसार भुल्के खोलाको बाढीले गाउँ नै जोखिममा पारेको छ । बाढीले जीर्ण अवस्थामा रहेको तारजालीमा क्षति पु¥याउँदा ११२ घरधुरी र करिब दुई सय बिगा खेतीयोग्य जमिन कटानको जोखिममा परेको छ । स्थानीय मुक्तानले भने, 'ठुलो बाढी आयो भने वस्ति नै बगाउने खतरा छ । त्रासले गाउँलेको भोक–तृष्णा हराएको छ ।' विष्टका अनुसार वर्षा लागेसँगै गाउँमा मात्र नभई रातु र उर्रा खोलाको क्षतिले राजावास, कालापानी र मर्का गाउँबीचको सम्पर्क पनि टुटेको छ । खोलासम्म डोजर पुर्याउन सकिए पनि बाढी रोक्न सकिएको छैन । यसका कारण सुत्केरी बिरामीको विचल्ली, सवारी आवागमन ठप्प हुनु जस्ता समस्या देखिएका छन् । वडा नं ४ का वडाध्यक्ष अक्कलबहादुर तामाङले भने, 'चेरु खोलाले भक्तीपुर खानेपानी मुहानमा क्षति पुर्याउँदा सयभन्दा बढी परिवार प्रभावित भएका छन् । मुहानको आपतकालीन सुरक्षाका लागि वडा र नगरपालिकाले संयुक्त प्रयास शुरु गरेका छौं ।' वडा नं ५ मा दर्जनभन्दा बढी खोला र खहरेको घेरावन्दी बाढी र वर्षाबाट प्रभावित छ । बाढीले धान खेत, सडक र आवागमनलाई क्षति पुर्याउँदा वडाका स्थानीय जनजीवन कष्टकर बनेको छ । स्थानीय स्याङतानले भने, 'वडामा मडाहा, सिर खोला, ढुङ्ग्रे, टुटेश्वर र गढन्ता गरि पाँच वटा ठुला नदी छन् । बाढी आउँदा वडाको सम्पूर्ण आवागमन घण्टौँसम्म ठप्प हुन्छ । वरडाँडासम्मको सुदूर उत्तरवर्ती वस्तिको सम्पर्क अझै कटेको छ ।' नगरक्षेत्रको खयरमारास्थित वडा नं १० र ११ मा पनि खोला र खहरेको बाढीले अवस्था प्रभावित भएको वडा नं १० का वडाध्यक्ष प्रमोद मोक्तानले जानकारी दिए । भौगोलिक विषमता भएको महोत्तरीमा यसपटक चुरे क्षेत्र बाढी र वर्षाबाट प्रभावित भए पनि जिल्लाको दक्षिणी भेगमा भने भदौको अन्त्यसम्म अनावृष्टिको अवस्था कायम रहेको छ । स्थानीय वडाध्यक्ष र सरोकारवालाले तत्काल राहत, तटबन्ध मर्मत तथा जोखिम क्षेत्रको उद्धारका लागि सरकार र नगरपालिकासँग सहकार्य जारी राख्ने बताएका छन् ।

# जनकपुरमा प्रदर्शनको क्रममा झडप युवा नेता महतो र पटेल घाइते



**मधेशदृष्टि**
जनकपुरधाम ।
जनता समाजवादी पार्टी (जसपा) नेपाल धनुषाले आयोजना गरेको विरोध प्रदर्शनको क्रममा युवा विद्यार्थी र प्रहरीबीच झडप हुँदा पार्टीका दुई युवा नेता घाइते भएका छन् । झडपमा घाइते हुनेमा युवा नेता सुरज महतो र पुण्यप्रसाद पटेल रहेका छन् । घाइते नेताहरूलाई प्रारम्भिक उपचारका लागि जनकपुरधामस्थित मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानको प्रादेशिक अस्पतालमा भर्ना गरिएको थियो ।
त्यसपछि थप उपचारका लागि उनीहरूलाई जानकी हेल्थ केयर अस्पतालमा सारिएको छ । पार्टीका युवा नेता दिपेन्द्र कापरीले उनीहरूको उपचार वर्तमानमा निरन्तर भइरहेको जानकारी दिएका छन् । जसपा नेपाल धनुषा जिल्लाले आयोजना गरेको कार्यक्रममा १९ वर्षअघि भएको गौर हत्याकाण्डको विषयमा सर्वोच्च अदालतले प्रधानमन्त्री केपी शर्मा ओली सरकारसहित अनुसन्धान अगाडि बढाउने परमादेश जारी गरेको निर्णयको विरोध स्वरूप आन्दोलन गरिएको थियो । युवा र विद्यार्थीहरूको नेतृत्वमा भएको यस विरोध प्रदर्शन क्रममा प्रहरीसँग झडप हुँदा घटनास्थलमा तनावपूर्ण वातावरण सिर्जना भएको थियो । पार्टीका पदाधिकारीहरूले भने घाइते नेताहरूको स्वास्थ्य अवस्था स्थिर रहेको र आवश्यक उपचार जारी रहेको बताएका छन् ।

# मैले राप्रपा प्रवेश गरेको होइनः पूर्वमेयर सुवेदी

**मधेशदृष्टि**
**वीरगंज ।**
कमल थापा नेतृत्वको राष्ट्रिय प्रजातन्त्र पार्टी नेपाल (राप्रपा नेपाल) का केन्द्रीय सदस्य तथा वीरगंजका पूर्व मेयर प्रदीप सुवेदीले हालै विभिन्न सञ्चारमाध्यममा आएको आफ्नो राप्रपामा प्रवेशको समाचार खण्डन गरेका छन् ।
मङ्गलवार वीरगंजमा आयोजित राप्रपा पर्साको विस्तारित बैठकमा राप्रपाका केन्द्रीय प्रतिनिधि दीपक बहादुर सिंहले सुवेदीलाई खादा लगाएर स्वागत गरेको दृश्य बाहिर आएको थियो । समाचार सार्वजनिक भएपछि राजनीतिक हलचल बढेको थियो । यसबारे सुवेदीले स्पष्ट पार्दै भने, 'दीपकजी मेरो पुरानो मित्र हुनुहुन्छ । उहाँको निमन्त्रणामा भेटघाट र समसामयिक राजनीतिक छलफलका लागि मात्र गएको थिएँ । मैले पार्टी प्रवेश गरेको होइन ।' तर, राप्रपाका सङ्गठन विभाग प्रमुख चन्दन मिश्रले भने, 'उहाँले स्वेच्छाले पार्टी प्रवेश गर्नुभएको हो । केन्द्रीय प्रतिनिधि दीपक बहादुर सिंहले खादा लगाएर स्वागत गर्नुभयो । उहाँ अहिले किन पल्टिँदै हुनुहुन्छ, थाहा भएन ।' उनले सुवेदीको पार्टी प्रवेशको भिडियो प्रमाण आफूसँग सुरक्षित रहेको दाबी समेत गरे । सुवेदीले आफ्नो अडान कायम राख्दा पार्टी प्रवेशको विषय सार्वजनिक रूपमा विवादित बनेको छ भने राप्रपाले आफ्नो पक्ष प्रमाणित गर्दै राजनीतिक चर्चामा रहन प्रयास गरिरहेको छ ।

# ओभरलोड टिपर पल्टियो

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषाको बिरेन्द्रबजार–मैनाथपुर सडकखण्डमा बुधबार एक ओभरलोड टिपर पल्टिएको छ । शहीदनगर नगरपालिका–६ हठिपुरको सल्हेश चौकमा ग्राभेल बोकेको प्रदेश २–०१–००१ ख ०१९३ नम्बरको टिपर सडकको छेउमै पल्टिएको हो । स्थानीयवासीका अनुसार बिरेन्द्रबजारबाट तीनकौरी तर्फ जाँदै गरेको टिपर ओभरलोड ग्राभेल बोकेको कारण अनियन्त्रित भई पल्टिएको बताइएको छ । दुर्घटनामा चालकसहित कुनै मानवीय क्षति भने नभएको प्रहरीले जनाएको छ । इलाका प्रहरी कार्यालय यदुकोहाले जानकारी दिँदै दुर्घटनास्थलमा प्रहरी टोली पुगेको र टिपर चालक टोलीसहित गइसकेको जनाएको छ । प्रहरीले घटनाबारे अनुसन्धान अघि बढाएको र सडकमा अवरोध हटाउन आवश्यक कदम चाल्ने बताएको छ । स्थानीयवासीले ओभरलोड टिपर सञ्चालनमा कडाइको माग गर्दै सडक सुरक्षामा ध्यान दिन स्थानीय प्रशासनसँग अनुरोध गरेका छन् ।

## सम्पादकीय

# 'स्यालो ट्युबवेल'मा पनि बजेट अभाव

मधेश संकटग्रस्त क्षेत्र घोषणा भएको छ सुक्खापनको विषयलाई लिएर । 'सुक्खा क्षेत्र सहयोग कार्यक्रम' सञ्चालन पनि भयो र केहीले राहत पनि पाए । तर मधेश प्रदेश सरकारअन्तर्गत भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले किसानलाई वितरण गर्ने भनिएको स्यालो ट्युबवेलका आर्थिक वर्षको दोस्रो महिनामै बजेट अपुग भएको विषय बाहिरिएको छ । कार्यक्रम नै स्थगित भएको छ । भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले १८ करोड रुपैयाँ बजेट विनियोजन गरेको थियो । एक हजार २ सय स्यालो ट्युबवेल वितरण गर्ने योजना थियो । जनतासँग आवेदन माग भएको थियो । आवेदन दिने किसानको संख्या २४ हजार ७ सय ७४ भएपछि समस्या भएको हो।

ट्युबवेल प्राप्त गर्न चाहने किसानले कम्तीमा दुई बिघा खेतीयोग्य जमिनको प्रमाणित लालपुर्जा कृषि ज्ञान केन्द्रमा बुझाउनुपर्ने प्रावधान राखेको थियो । यसले आवेदन दिने सबैलाई सेवा दिन सकिन्छ कि भन्ने पनि थियो तर यस्तो हुन सकेन । किसानको संख्या निकै धेरै भयो ।

किसानको अत्यधिक आवेदन परेपछि बजेट अपुग भएर कार्यक्रम नै स्थगित गर्न बाध्य हुने अवस्था बनेको हो । धनुषाका मात्रै चार हजार ६ सय ४५ किसानले आवेदन दिएका छन् ।

एउटा स्यालो ट्युबवेल जडान गर्न एक लाखदेखि तीन लाख रुपैयाँसम्म खर्च लाग्ने अनुमान गरिएको छ । ट्युबवेलमा सौर्य ऊर्जा प्रणाली जडान गर्दा थप लागत लाग्छ भने पानीको सतह कति छ भन्ने कुराले पनि खर्च निर्धारण गर्छ ।

सरकारले मधेशमा पर्याप्त पानी नपरेकाले सङ्कटग्रस्त प्रदेश घोषणा गरेपछि सङ्घीय कृषि तथा पशुपक्षी विकासमन्त्री रामनाथ अधिकारीको नेतृत्वमा रहेको संसदीय टोलीले मधेश प्रदेश सरकारसँग छलफल गरेको छ । मधेश प्रदेशका भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयमा आयोजित छलफलमा मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंह, मधेश प्रदेशका भूमि व्यवस्था कृषि तथा सहकारीमन्त्री जनार्दन सिंह क्षेत्रीसहितका उच्च अधिकारीहरू सहभागी थिए । कृषिमन्त्री अधिकारीले सरकारले मलको सहज आपूर्तिका लागि खरिद गरेको अनुदानको रासायनिक मल वास्तविक किसानको हातमा पु-याउन विशेष सजगता अपनाउन प्रदेश सरकारलाई आग्रह गरेका छन् ।

# पूर्ण स्तनपानको अधिकारमा आमाहरू नै बाधक

**रामचन्द्र रायमाझी**

तानसेन नगरपालिका–३ भगवती टोलकी शर्मिला केसीले आफ्नो छोरालाई पाँच महिना पनि पूरै दूध खुवाउनुभएन । निजामती सेवामा कार्यरत उहाँ कार्यालय जानुपर्ने भएकाले छोरा जन्मिएको चार महिनापछि एक जना हेरालुको साथमा छोडेर हिँड्नुपर्यो । 'कार्यालयबाट घर आउने समयको टुङ्गो नहुँदा छोरालाई पूरा समय आफ्नो दूध खुवाउन पाइनन् । चाहेजति दूध खान नपाएपछि छोराले आफैँ खान छोड्यो । ल्याक्टोजिन, डेरीको दूध, सेरलेक्स खाएरै छोरो हुर्कियो,' उहाँले भन्नुभयो । आमाको दूध पर्याप्त खान नपाएकाले होला छोरोलाई सानै बिमारले पनि समाइहाल्ने केसी बताउनुहुन्छ ।

तानसेनमा बस्दै आउनुभएकी पर्वतकी भीमा कार्कीले तीन वर्षअघि पहिलो सन्तानका रूपमा छोरीलाई जन्म दिनुभएको थियो । उहाँले छोरी जन्मिएको छ महिना त नियमित दूध खुवाउनुभयो तर सात महिनापछि भने शरीर बिग्रने डरले नियमित दूध चुसाउन छाड्नुभयो । कार्कीले डेरीबाट दूध ठेक्का लगाएर छोरीलाई खुवाउनुभयो । 'लामो समयसम्म बच्चालाई दूध चुसाउँदा शरीर बिग्रन्छ भन्छन्, त्यसैले मैले सात महिनासम्म त म आफैँ खुवाएँ, पछि डेरीबाट ल्याएर दूध खुवाएकी हुँ,' उहाँले भन्नुभयो ।

रैनादेवी छहराकी मञ्जु कुँवरले पाँच महिनाको छोरोलाई माइतीमा राखेर बुटवलमा कोठा भाडा लिई लोकसेवाको तयारीमा जुट्नुभयो । बेलाबेलामा छोरासँग जाने गरे पनि उहाँले पर्याप्त दूध खुवाउनु भएन । आमाले भैँसीको दूध खुवाउने गर्नुभएको र आफ्नो दूध खासै नआउने हुँदा छोरालाई पूरै समय दूध चुसाउन नपाएको उहाँ बताउनुहुन्छ । कुँवर भन्नुहुन्छ, 'म बिहे हुनुअघिदेखि नै लोकसेवाको तयारी गरिरहेकी थिएँ । बिहे भएपछि खासै पढ्न पाइनँ, अब अहिले उमेर पनि जान थाल्यो, त्यसैले जसरी भए पनि लोकसेवामा नाम निकाल्नुपर्छ भनेर पाँच महिनाको छोरालाई माइतीमा आमासँग राखेर तयारीमा जुटेकी छु ।'

बगनासकालीकी मनिषा बस्याल सरकारी जागिरे हुनुहुन्छ । उहाँले डढे वर्षअघि छोरीलाई जन्म दिनुभएको थियो । छोरी जन्मिएको तीन–चार महिना त आफ्नै साथमा राखेर दूध खुवाउनुभएको उहाँले पाँच महिनापछि भने परिवारको साथमा छाडेर अफिस जाने गर्न थाल्नुभयो । त्यो समयमा परिवारले बजारबाट लिएको भैँसीको दूध ती शिशुलाई खुवाउने गरे । मनिषाले भैँसीको दूध खुवाउन थालेदेखि भने आफ्नो दूध खुवाउन छाड्नुभयो ।

यी त केही प्रतिनिधि पात्रमात्र हुन् । उहाँहरूजस्तै अधिकांश कामकाजी महिलाहरू आफ्ना नवजात शिशुलाई कामको व्यस्तताले स्तनपान गराउँदैनन् । पछिल्ला वर्षहरूमा शिक्षित र सहरिया आमाहरू नै स्तनपान गराउने मामिलामा उदासिन देखिन थालेका छन् । पूर्ण स्तनपान अर्थात् छ महिना पूरा नभएसम्म आमाको दूध मात्र चुसाउनु र बच्चा छ महिना पूरा भएपछि कम्तीमा दुई वर्षसम्म आमाको दूध खुवाइराख्नुपर्ने भए पनि अधिकांश आमाहरू शरीरको सौन्दर्य बिग्रिन्छ भन्ने भ्रम र कार्य व्यस्तताले पूर्ण रूपमा खुवाउन चाहँदैनन् ।

शरीरलाई फिट्नेस र सौन्दर्य राख्ने सौखिन महिलाहरूले आफ्ना बच्चालाई पूर्ण स्तनपान गराउने मामिलामा कमजोर देखिन्छन् । तर चिकित्सकहरू भने बच्चालाई दूध चुसाउँदैमा शरीर नबिग्रने बताउँछन् । बच्चालाई स्तनपान गराउँदा न आमाको शरीर बिग्रिन्छ न स्वास्थ्य, बरु नियमित स्तनपान गराउने आमा सुन्दर र स्वस्थ हुने तानसेनस्थित युनाइटेड मिसन अस्पतालका बालरोग विशेषज्ञ तथा बालरोग विभाग प्रमुख डा विकासराज अधिकारी बताउनुहुन्छ । 'कतिलाई स्तनपानले शरीरको सौन्दर्य बिग्रिन्छ भन्ने भ्रम छ । यो भ्रममात्र हो । स्तनपान गराउने नगराउनेभन्दा बढी सुन्दर हुन्छन्", उहाँले भन्नुभयो, "बच्चालाई नियमित स्तनपान गराउनेको स्तन चाँडै नै पहिलैकै जस्तो सामान्य आकारमा फर्किन्छ, जुन कुरा धेरैलाई थाहा छैन ।'

नियमित स्तनपान गराइएका बच्चा पूर्ण रूपमा स्वस्थ हुने डा अधिकारीले बताउनुभयो । नियमित स्तनपान गराउने आमाहरूमा स्तन क्यान्सर, ओभरी क्यान्सर, हाइ ब्लडप्रेसरजस्ता रोगको जोखिम नहुने उहाँको भनाइ छ । स्तनपान गराउँदा आमा र शिशु दुवैको आसनमा विशेष ध्यान दिन जरुरी रहेको पनि उहाँले बताउनुभयो । शिशुलाई जन्मिएदेखि छ महिनासम्म आमाको दूधबाहेक पानीको आवश्यकता नपर्ने उहाँको भनाइ छ । बच्चाको शारीरिक विकासका लागि सकेसम्म आमाको दूध खुवाउनुपर्ने बताउँदै उहाँले काममा जानुपरेमा आमाको दूध सङ्कलन गरेर राखेर भए पनि खुवाउन सकिने बताउनुभयो ।

अहिले शल्यक्रियाबाट जन्मिएका बच्चालाई सुरुवातमा बजारको पाउडर दूध खुवाउनुपर्ने अवस्था रहेको जनाउँदै उहाँले यसको अन्त्य गर्न सके बच्चा र आमा दुवैको स्वास्थ्य राम्रो हुने बताउनुभयो । सरकारले हरेक वर्ष जनचेतनामूलक कार्यक्रम आयोजना गर्छ, तर पर्याप्त जानकारी पाएका सचेत आमाहरू नै नवजात शिशुलाई स्तनपान गराउँदैनन् । अर्काको देखासिखी, विभिन्न भ्रामक विज्ञापनको प्रभाव र आफ्नै अहम्ले गर्दा पनि जानीजानी शिक्षित मानिएका आमाहरू नै सन्तानको स्वास्थ्यमा ध्यान दिँदैनन् ।

नेपाल जनसाख्यिक तथा स्वास्थ्य सर्वेक्षण (एनडीएचएस) २०२२ को प्रतिवेदनअनुसार दुई वर्षसम्म पूर्ण स्तनपान गराउने आमाको सङ्ख्या ५५ प्रतिशत छ । पछिल्ला वर्षमा यो संख्यामा तुलनात्मक रूपले ह्रास आइरहेको छ । कामकाजी महिलाहरू आफ्ना नवजात शिशुलाई कामको व्यस्तताले स्तनपान गराउन पाएका छैनन् । ग्रामीण भेगका आमाहरू स्तनपानको महत्व र पर्याप्त ज्ञानको अभावमा आफ्ना सन्तानको पूर्ण स्तनपानको अधिकार खोसिरहेका छन् । विश्वव्यापी रूपमा चासो, चिन्ता र सरोकारको विषय मानिएको स्तनपानको महत्व र गरिमालाई पछिल्लो समय शिक्षित पुस्ताले नै ओझेलमा पार्दै गइरहेका छन् ।

**सरकारी कार्यालयमा छैनन् स्तनपान कक्ष**

तानसेनस्थित जिल्ला प्रशासन कार्यालय पाल्पा अत्यधिक सेवाग्राहीको भीड हुने कार्यालयमा पर्दछ । मङ्गलबार पनि नागरिकता बनाउन आउने र राहदानीको फोटो र फाराम भर्नेको लाइन छिचोल्न मुस्किलजस्तै थियो । त्यही भीडमध्ये काखे नानी च्यापेर गोलघरमा मङ्गलबार पालो पर्खने आमाहरू पनि हुनुहुन्थ्यो । बाहिर पानी परिरहेको थियो, काखमा निदाइरहेका नानीलाई सम्हाल्न मुस्किल देखिन्थ्यो । उहाँहरूलाई स्तनपान कक्ष जिल्ला प्रशासन कार्यालयको भवनमा छ भन्ने जानकारी थिएन । कार्यालय परिसरमा स्तनपान कक्ष स्थापना गरिएको भए पनि सेवाग्राहीले सहजै देख्न सक्ने ठाउँमा नहुँदा प्रयोगविहीनजस्तै छ । यहाँका चार पालिका अझै स्तनपान कक्षविहीन छन् । सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ मा हरेक सार्वजनिक निकायमा अनिवार्य स्तनपान कक्षको व्यवस्था उल्लेख भए पनि अहिलेसम्म जिल्लाका चारवटा पालिकाले स्तनपान कक्ष स्थापना गर्न सकेका छैनन् । जिल्लाका १० वटा पालिकामध्ये निस्दी गाउँपालिका, पूर्वखोला गाउँपालिका, रिब्दीकोट गाउँपालिका, रैनादेवी छहरा गाउँपालिकामा स्तनपान कक्ष स्थापना गरिएको छैन । ती पालिकाले साँघुरा ठाउँका कारण स्तनपान कक्ष स्थापना गर्न नसकेको जनाएका छन् ।

निस्दी गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख रेमबहादुर दिशाले पालिकामा ठाउँ अभावका कारण सबै कर्मचारी कोचिएर काम गर्नुपर्ने अवस्था रहेकाले स्तनपान कक्ष स्थापना गर्ने कोठाको अभाव रहेको गुनासो गर्नुभयो। उहाँले भन्नुभयो, 'अहिले हामीले पोषणमैत्री वडा घोषणाको तयारी गरिहेका छौं । त्यसका लागि प्रत्येक वडाहरूमा स्तनपान कक्ष निर्माणको काम भइरहेको छ । अब छिट्टै पालिका भवनमा पनि जग्गाको व्यवस्था गरेर स्तनपान कक्ष स्थापना गर्ने योजना छ।' उता पूर्वखोला गाउँपालिकाको स्वास्थ्य शाखामा कार्यरत स्टाफ नर्स चन्द्रा चलाउने पनि कोठाकै अभावमा स्तनपान कक्ष स्थापना गर्न नसकिएको बताउनुहुन्छ ।

यता रिब्दीकोट गाउँपालिका र रैनादेवी छहरा गाउँपालिकाले पर्याप्त ठाउँ हुँदा पनि स्तनपान कक्ष निर्माणमा ध्यान दिएका छैनन् । यहाँ बनाएका केही पालिकामा भने व्यवस्थित छैनन् । रम्भा गाउँपालिकामा स्तनपानका लागि भनेर कक्ष स्थापना गरे पनि व्यवस्थित छैन । यहाँ पर्दाले बारेर राखिएको छ । कोठा अभावका कारण स्कुलको एउटा कोठालाई बारेर कक्ष स्थापना गरिएको गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख शिवप्रसाद अर्यालले बताउनुभयो । माथागढी गाउँपालिकामा पनि सेवाग्राहीले सहजै देख्न र जान सक्ने अवस्थामा छैन । यहाँ साँघुरो कोठा र अँध्यारो भएकाले व्यवस्थित गर्न नसकिएको स्वास्थ्य शाखा प्रमुख केशव जिसीले बताउनुभयो ।

दूधेबालक च्यापेर हिँड्नुपर्ने बाध्यतामा रहेका महिला सेवाग्राहीलाई स्तनपान कक्षको व्यवस्था हुँदा निकै सहज हुने सेवाग्राही बताउँछन् । पालिकामा सेवा लिन जाँदा खुला स्थानमा असहज रूपमा स्तनपान गराउनुपर्ने बाध्यता रहेको रिब्दीकोट सिरुखर्ककी शान्ता बरालले बताउनुभयो। यहाँका तानसेन नगरपालिका, रामपुर नगरपालिका, तिनाउ गाउँपालिका, बगनासकाली गाउँपालिका, माथागढी गाउँपालिका र रम्भा गाउँपालिकाले मात्रै स्तनपान कक्ष स्थापना गरेका छन् ।

सरकारी कार्यालयमा सेवा लिन आउँदा काखेनानी लिएर आउने महिलाले दूध खुवाउन सहजताका लागि स्तनपान कक्ष निर्माण गर्नुपर्ने ऐन जारी भएको छ । सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ अनुसार सरकारी, गैरसरकारी, वा निजी सङ्घसंस्थाले कार्यालयमा कार्यरत महिलालाई शिशु जन्मेको दुई वर्षसम्म कार्यालय समयमा आमाको दूध खुवाउनका लागि पनि स्तनपान कक्षको व्यवस्था गर्नुपर्ने ऐनमा स्पष्ट व्यवस्था छ तर पाल्पामा सेवाग्राहीको भीडभाड हुने सार्वजनिकस्थलमा स्तनपान कक्षको स्थापना गरेर स्तनपानलाई संरक्षण तथा संवद्र्धन गर्ने काम भएको देखिँदैन । रासस

# अझै जीवित छ एक हजार वर्ष पुरानो 'गाउँ पूजा'

**डम्मर बुढामगर**



अर्ध नग्न शरीर, मोसोले छोपिएको अनुहार र छाति, कम्मरमा सेतो कपडा बाँधेर हातमा धुपीको हाँगो समातेर केही युवा दौडिँदै थिए । ती युवाका पछि ढ्याङ्ग्रो ठट्याउँदै आइरहेका थिए, झाँक्रीहरु । माथिदेखि दौडिँदै आएको झाँक्री र एक हुल युवाको दृश्य अनौठो थियो । यो अवसरको साक्षी बन्न निसेलढोरमा सयौँ मानिस जम्मा भएका थिए ।

यसलाई निसीवासीले नांखा (गाउँ) पूजा भन्छन् । यो पूजा एक हजार वर्ष पुरानो भएको स्थानीयको विश्वास छ । हरेक दुई–दुई वर्षमा हुने गाउँ पूजा पछिल्लो समय मेलाकै रुपमा लिन थालिएको छ । गाउँ पूजालाई मगर खाम भाषामा नांखा पूजा भन्ने गरिन्छ । यो अन्य पूजाभन्दा भिन्न छ । भदौ १ गते निसीवासीले गाउँ पूजालाई धुमधामका साथ मनाउने गर्छन् ।

स्थानीयले साउन मसान्तकै दिनदेखि विभिन्न देवीदेवताका नाममा पूजा गर्ने र साँझा गाउँभरीका झाँक्रीहरु एकै ठाउँमा जम्मा भएर तन्त्रमन्त्र गर्छन् । बिहान सबेरै निसेलढोर गाउँभन्दा माथि रहेको बराह थानमा पुगेर पूजा गर्छन् । बराह थानमा पुगेपछि युवाहरुले अर्ध नग्न बनेर अनुहार र शरीरमा मोसो दली राक्षसको स्वरुप धारण गर्ने गर्छन् । झाँक्री र राक्षसको स्वरुप धारण गरेका कापैले गाउँमा अनिष्ट गर्ने भुतप्रेत र राक्षेसी आत्मालाई उत्तरगङ्गा नदीमा खसाल्ने बुढापाका बताउँछन् ।

**अनिष्ट हुन थालेपछि 'गाउँ पूजा'**

सुरुआती समयमा निसेलढोर गाउँमा वर्ष अगाडि अनिष्ट हुन थालेपछि गाउँलेले गाउँ पूजा गर्न थालेको इतिहास रहेको निसीखोला गाउँपालिकाका उपाध्यक्ष प्रेमबहादुर घर्ती मगरको भनाइ छ । एक हजार वर्ष पहिले निसेलढोरबाट स्थानीय बसाइँसराइ गरेर अन्तै जाँदा हिँड्न नसक्ने बुढाबुढी (जुजाजुजी) लाई गाउँमाथिको ओडारमा लगेर छोडेको र महिनौँपछि हेर्न पुग्दा उनीहरुको मृत्यु भइसकेको हुँदा उनीहरुको आत्माको शान्तिका लागि गाउँ पूजा थालिएको बुढापाकाले सुनाएको घर्ती बताउनुहुन्छ ।

ओडामार मृत्यु भएका जुजाजुजी राक्षसको रुपमा गाउँ पसेरपछि मान्छे मर्ने, धन सम्पत्ति, बालीनालीको क्षति हुने, पशुचौपायासमेत मर्ने गरेपछि सुरु शान्तिका लागि सुरु गरिएको गाउँ पूजा अहिलेसम्म चल्दै आएको उहाँको भनाइ छ । पहिले निसेलढोर आसपासमा ठूलो बस्ती रहेको प्रमाणित गर्ने अवशेषहरु अहिले भेटिने गरेको उपाध्यक्ष घर्तीमगरले बताउनुभयो । गाउँ पूजा गर्दा मृत आत्माले शान्ति पाउने र गाउँमा अनिष्ट नहुने उहाँ बताउनुहुन्छ ।

'बुढापाकाका अनुसार पहिले निसेलढोरमा ठूलो बस्ती थियो, अहिले पनि त्यसका अवशेष भेटिन्छन्, त्यसबेला मानिसहरु बसाइँसराइ गरेर अन्तै जाँदा हिँड्न नसक्ने जुजाजुजीलाई गाउँमाथिको ओडारमा छोडे छन्, पछि आफन्त भेट्न आउँदा उनीहरुको मृत्यु भइसकेको रहेछ,' उपाध्यक्ष घर्ती मगरले भन्नुभयो, 'उनीहरुको मृत्यु भइसकेपछि निसेलढोर गाउँमा अशुभ हुन थालेछ, त्यसपछि सिंगो गाउँमा बस्ने सबैले गाउँ पूजा गर्न सुरु गरे छन्, पूजा गरेपछि गाउँमा अनिष्ट हुन छोडेछ, एक वर्ष पूजा ग¥यो भने दुई वर्षसम्म अशुभ नहुने मान्यता छ ।'

**भूत धपाउन खोलामा हाम्फाल्छन् युवा**

बराह थानबाट पूजा गरेर फर्किएका राक्षसको रुप धारण गरेका कापै अग्लो झोलुङ्गे पुलबाट उर्लिएको उत्तरगंगा नदीमा हाम फल्छन् । जसलाई स्थानीयले भूत प्रेतलाई धपाएको भन्ने गर्छन् । यसरी भूत धपाएपछि गाउँमा कुनै पनि किसिमको अनिष्ट नहुने स्थानीय राजमन बुढा मगरले बताउनुभो ।

यस पुलमा दैविक शक्ति रहेको हुँदा उत्तरगंगामा हाम फाल्ने कापैलाई चोट पटक नलाग्ने र नदीले नबगाउने बुढा मगरले बताउनुभयो । पहिले झोलुङ्गे पुल नबन्दा काठको साँघुबाटनै कापैले खोलामा हाम फल्ने गरेको उहाँको भनाइ छ । भूतलाई खोलामा खसाएपछि गाउँलाई रोग व्याधी नलाग्ने, वस्तुभाउ र बालीनाली पनि राम्रो हुने बुढा मगरको भनाइ छ ।

उहाँले भन्नुभयो, 'झाँक्रीले विधिअनुसार कापैलाई तन्त्रमन्त्र गरेको हुन्छ, कापैले अनुहारमा लगाएको मोसो, शरीरमा लेखिएको विभिन्न अक्षर र राक्षसको जस्तो पहिरनले भूत प्रेतलाई फकाउने र लखेट्दै लगेर खोलामा खसाल्ने गरिन्छ, हाम्रो पुर्खाहरुले मान्दै आएको परम्परा अहिलेसम्म चल्दै आएको छ, यसमा धार्मिक विश्वास छ, हाम्रो आस्था छ ।'

**संरक्षणमा युवा र पालिकाको चासो**

गाउँ पूजालाई लोप हुन नदिनका लागि निसीखोला गाउँपालिका–५ का युवाहरुले चासो दिएका छन् । यसवर्ष गाँउ (नांखा) पूजा सञ्चालक तथा व्यवस्थापन समितिमार्फत पूजा सञ्चालन गरिएको थियो । युवाहरुले चासो नदिँदा लोप हुने हुँदा संरक्षणका लागि आफूहरु लागेको गाँउ (नांखा) पूजा सञ्चालक तथा व्यवस्थापन समिति अध्यक्ष लक्ष्मण छन्त्यालले बताउनुभयो । युवाहरुलाई एकताबद्ध गराएर पूजा संरक्षणमा लागेको उहाँको भनाइ छ ।

निसीखोला गाउँपालिकाका अध्यक्ष सूर्यबहादुर घर्तीमगरले कला संस्कृति संरक्षणका लागि गाउँपालिका हरेक वर्ष बजेट विनियोजन गरी काम गर्दै आएको बताउनुभयो । लोपोन्मुख संस्कृतिको संरक्षणका लागि पाका पुस्ता र नयाँ पुस्तालाई एकै ठाउँमा राखेर पुस्तान्तरण गर्ने काम गाउँपालिकाले गर्दै आएको उहाँको भनाइ छ । गाउँ पूजा निसीखोलाको विशिष्ट मौलिक संस्कृति भएको हुँदा पालिकाले प्राथमिकतामा राखेरै संरक्षणमा जोड दिएको अध्यक्ष घर्ती बताउनुहुन्छ । रासस

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउनु सक्नुहुनेछ । मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो । बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ ।

# पाकिस्तानको संसदीय प्रतिनिधिमण्डलसँग सभामुखको शिष्टाचार भेटवार्ता



**काठमाडौँ ।**
सभामुख देवराज घिमिरेले बुधबार सिंहदरबारमा पाकिस्तानको संसदीय प्रतिनिधिमण्डलसँग भेटवार्ता गरेका छन् । काठमाडौँमा मङ्लबार सम्पन्न भएको हिन्दूकुश हिमालय संसदीय सम्मेलनमा सहभागी हुन नेपाल आएका पाकिस्तानको संसदीय प्रतिनिधिमण्डलसँग सभामुखले बुधबार शिष्टाचार भेटवार्ता गरेका हुन् ।

पाकिस्तानी सांसद मुनाजा हसनको नेतृत्वमा आएको प्रतिनिधिमण्डललाई स्वागत गर्दै सभामुख घिमिरेले दुई देशबीचको मैत्रीपूर्ण सम्बन्ध तथा क्षेत्रीय सहकार्यका सम्भावनाबारे जानकारी दिए । भेटमा उनले जलवायु परिवर्तन, दिगो विकास र जनजीविकामा पर्वतीय क्षेत्रले भोगिरहेका चुनौतीलाई साझा एजेण्डा बनाएर अघि बढ्नुपर्नेमा जोड दिए ।

सभामुखले दुई देशबीच व्यापार, कनेक्टिभिटी तथा पर्यटनका सम्भावना रहेको बताउँदै त्यसमा संसदीय सहकार्य गर्न सकिने धारणा राखे । प्रतिनिधिमण्डलकी नेतृ हसनले नेपालले हिन्दूकुश हिमालय 'पार्लियामेन्टेरियन्स मिट–२०२५' सफलतापूर्वक सम्पन्न गरेको भन्दै धन्यवाद ज्ञापन गरे । नेपालले जलवायु परिवर्तनको असर न्यूनीकरण र पर्वतीय पारिस्थितिकी संरक्षणमा खेलेको भूमिकाको उनले प्रशंसा गरे । रासस

# व्यापार सहजीकरण लागि उत्तरका थप नाका खोल्न माग

**काठमाडौँ ।**
नेपाल समुद्रपार निकासी पैठारी सङ्घले बाढीपहिरोका कारण उत्तरतर्फका दुई व्यापारिक नाका रसुवागढी र तातोपानी वर्षायाममा बर्सेनि बन्द हुने गरेकोले मित्रराष्ट्र चीनसँग स्थलमार्गबाट हुने व्यापारलाई सहज बनाउन अन्य नाका खुलाउनेतर्फ कूटनीतिक पहल र पूर्वाधारको व्यवस्था गर्न माग गरेको छ । असार २४ गतेको बाढीले नेपाल र चीन जोड्ने मितेरी पुल बगाएपछि रसुवागढी नाकाबाट मानिस र व्यापारिक सामानको आवागमन ठप्प भएको छ । बाढीपहिरोकै कारण सिन्धुपाल्चोकको तातोपानी नाका दुई सातादेखि अवरुद्ध छ । प्राकृतिक प्रकोपका कारण अकस्मात नाका बन्द हुँदा नेपालका लागि आयात भएका मालसामान बोकेका सयौँ कन्टेनर र ट्रकहरुबीच बाटोमै अलपत्र परेका छन् ।

चीनसँगको आयात–निर्यात सहज बनाउन अन्य नाकाहरु खोल्नु जरुरी रहेकाले कूटनीतिक पहलमार्फत ती नाकाहरु अविलम्ब सञ्चालनमा ल्याउन र अन्य वैकल्पिक नाकामा पूर्वाधारको व्यवस्था गर्न सङ्घले सरकारलाई आग्रह गरेको हो । व्यवस्थापिका संसद्को विकास समितिले विसं २०७२ मा उत्तरी नाकाहरुको अवस्था अध्ययन गरी कोरला र ओलाङ्चुङगोला नाका सञ्चालनमा ल्याउन सकिने सुझाव दिएको थियो ।

नेपाल र चीन सरकारका उच्च अधिकारीहरु एक दशकअघि नै द्विपक्षीय छलफलका क्रममा सात वटा उत्तरी नाका खोल्न सहमत भएका थिए । ती नाकाहरुमा तातोपानी, मुस्ताङको कोरला, संखुवासभाको किमाथाङ्का, दोलखाको लामाबगर, ताप्लेजुङको ओलाङचुङगोला, मुगुको आम्जापास, हुम्लाको यारी हिल्सा र गोरखाको लार्के थिए ।

कोरला नाका १२ महिना नै सञ्चालन गर्न सकिने अवस्थामा छ । कोरला नाकामा चीनतर्फ पूर्वाधार पनि तयार छ । नेपालतर्फ कोरालासम्म सडक पुगिसकेको छ । ताप्लेजुङको ओलाङ्चुङगोला नाकाबाट दुई मुलुकबीचको व्यापार सञ्चालन गर्न सकिने अध्ययनले देखाएको छ । ती नाका छिटोभन्दा छिटो व्यापारिक प्रयोजनका लागि खुला गर्न र व्यापारिक हिसाबले उपयुक्त अन्य नाका सञ्चालनमा ल्याउने वातावरण तयार गर्न सङ्घले सरकारको ध्यानाकर्षण गराएको छ ।

आयात व्यापारमा चीन नेपालको दोस्रो ठूलो साझेदार हो । पछिल्लो समय पूर्वाधार तयार भएसँगै चीनसँगको व्यापार उत्तरी नाकातर्फ सर्ने क्रम बढेको तथ्याङ्कले देखाउँछ । भन्सार विभागको तथ्याङ्कअनुसार आर्थिक वर्ष २०८१–८२ मा तातोपानीबाट ५० अर्ब रुपैयाँ भन्दा बढीको र रसुवागढी नाकाबाट रु ८५ अर्बभन्दा बढीको सामान आयात भएको छ ।

चीनबाट चाडपर्व लक्षित सामान आयात हुने दुवै नाका बन्द हुँदा व्यापारिक गतिविधि अपेक्षाकृत बढ्न नसक्ने, आम उपभोक्ता सुपथ मूल्यमा वस्तु प्राप्त गर्नबाट वञ्चित हुने र सरकारले पाउनुपर्ने राजस्व गुम्ने अवस्था रहेकोतर्फ ध्यानाकर्षण गराउँदै सङ्घले उत्तरका थप नाकाहरु व्यापारिक प्रयोजनको लागि खुला गर्नेतर्फ अविलम्ब पहल गर्न माग गरेको छ ।

# मन्त्री दाहाल र राजदूत श्रीवास्तवद्वारा बेलिब्रिज उद्घाटन

**पाँचथर ।**
मेची राजमार्गअन्तर्गत पाँचथरको हेवा खोलामा निर्माण सम्पन्न भएको 'मोडुलर बेलिब्रिज'को बुधबार भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहाल र नेपालका लागि भारतीय राजदूत नवीन श्रीवास्तवले उद्घाटन गरेका छन् ।

गत वर्षको असोज १२ गते आएको बाढीले 'बेलिब्रिज' बगाएपछि निर्माण गरिएको ७० मिटर लामो 'बेलिब्रिज'को बुधबार मन्त्री दाहाल र राजदूत श्रीवास्तवले संयुक्त रुपमा उद्घाटन गरेका हुन् । बेलिब्रिजका सामग्री भारत सरकारले उपलब्ध गराएको र संरचना निर्माण तथा जडानको काम नेपाल सरकारले गरेको सडक विभागले जनाएको छ ।

बेलिब्रिज निर्माणपछि सहज रुपमा राजमार्ग खुला हुनुका साथै ताप्लेजुङ जिल्ला र पाँचथरको उत्तरी भेगका तीन वटा गाउँपालिकाको आवागमन सहज भएको छ । उक्त बेलिब्रिजको भार बहन क्षमता २५ टन रहेको छ ।

मेची राजमार्गअन्तर्गत हेवा खोलामा रहेको सडक पुल यसअघि २०८० असार २ गते आएको बाढीले बगाएको र सोही स्थानमा थियो । करिब एक महिना लगाएर निर्माण गरेको नयाँ बेलिब्रिज पनि ०८१ असोज १२ गते आएको बाढीले बगाएको थियो ।

हेवा खोलामा 'डाइभर्सन'का माध्यमबाट सवारीसाधन आवतजावत गर्दै आएकामा वर्षायाम शुरु भएपछिको बाढीले पटकपटक उक्त डाइभर्सन बगाउँदा यात्रु एवं स्थानीय जनताले दुःख व्यहोरिरहेका थिए ।

गत चैतदेखि बेलिब्रिज निर्माण कार्य थालिएको थियो । 'दोभान–सुपरसौगात–लाइट विल्डर्स जेभी'ले जडानको कार्य अन्तिम चरणमा पु¥याएको समयमा गत जेठ ३१ गते अचानक बेलिब्रिज भाँचिएर झर्दा तीन जना कामदारको ज्यान गएको थियो ।

यसपछि सडक विभागले बेलिब्रिजका संरचना निर्माण गर्ने भारतीय कम्पनी 'गार्डेन रिचसिप विल्डर्स एण्ड इञ्जिनियरिङ'लाई भाँचिएका सामग्री तथा प्राविधिक पठाइदिन आग्रह गरेको थियो । भारतबाट आएका प्राविधिक र मिस्त्रीहरुले गत साउन १७ गते बेलिब्रिज जडानको काम थालेर साउन २८ गते सम्पन्न गरेका थिए । बेलिब्रिजका लागि आवश्यक पहुँचमार्गसहितका संरचना निर्माण भएपछि बुधबार उद्घाटन गरी सञ्चालनमा ल्याइएको सडक डिभिजन कार्यालय इलामका प्रमुख पवन भट्टराईले जानकारी दिए ।

प्रमुख भट्टराईका अनुसार भारतीय पक्षले सामग्रीका अतिरिक्त पठाएको 'लञ्चिङ सेट' र पुल जडान गर्न इञ्जिनियर तथा प्राविधिकहरु रहेको १८ जनाको टोलीले छोटो समयमै बेलिब्रिज जडान गर्न सफल भएको हो । बेलिब्रिजका सबै सामग्री भारत सरकारले निःशुल्क उपलब्ध गराएको थियो । रासस

# कुवेतमा विषाक्त मदिरा सेवनबाट बिरामी नेपालीबारे जानकारी माग




**काठमाडौँ ।**
प्रतिनिधिसभाको बुधबारको बैठकमा सांसदहरूले कुवेतमा विषाक्त मदिरा सेवनबाट ज्यान गुमाएका नेपालीको शव स्वदेश फिर्ताको प्रक्रिया र उपचाररत कामदारको स्वास्थ्य अवस्थाबारे सदनमार्फत जानकारी गराउन माग गरेका छन् । बैठकको आकस्मिक समयमा सांसदहरूले कुवेतमा विषाक्त मदिरा सेवनबाट बिरामी परेका नेपालीको अवस्थाबारे जानकारी गराउन माग गरेका हुन् ।

सांसद रमा कोइराला पौड्यालले कुवेतमा विषादीयुक्त मदिरा सेवनबाट १२ जनाको निधन भएको र केही व्यक्ति सघन उपचारकक्षमा उपचाररत रहेका बताउँदै यो घटनाबारे सरकारले सदनलाई विस्तृत जानकारी गराउनुपर्ने माग गरिन् । यो घटनापछि त्यहाँको सरकारले कामदारमाथि धरपकड शुरु गरेको समाचारहरू पनि बाहिरिएकाले नेपालीको अवस्था के छ भनेर सरकारले सोधीखोजी गर्नुपर्ने उनको भनाइ छ । त्यस्तै, विदेश जाने श्रमिकलाई दिइने अभिमुखीकरण तालिम पर्याप्त नरहेको सांसद पौड्यालले बताइन् ।

सांसद जनार्दन शर्माले कुवेतमा विषाक्त मदिरा सेवनबाट मृत्यु भएकाहरूको शव नेपाल ल्याउनका लागि भइरहेका प्रक्रिया र उपचाररतहरूको स्वास्थ्य अवस्थाबारे संसद्मा जानकारीका लागि आग्रह गरे ।

त्यस्तै, बाढीपहिरोका कारण सडक सञ्जाल बिग्रिएको र दुर्घटनाको जोखिम बढेको विषयमा पनि उनले संसद्को ध्यानाकर्षण गरे ।

अस्थायी आवासगृहमा बसिरहेका जाजरकोटका भूकम्पपीडितलाई वर्षायामले थप प्रभावित भएको बताउँदै सांसद शर्माले पुनर्निर्माणलाई गति दिन सम्बन्धित निकायको ध्यानाकर्षण गराए । बुधबारको बैठकमा प्रतिपक्ष दलका सांसदहरूले उपसभामुखलाई हटाउनका लागि सत्तारुढ दलले षड्यन्त्र गरिरहेका आरोपसमेत लगाएका छन् ।

सांसद सन्तोष परियारले उपसभामुख इन्दिरा रानालाई पदमुक्त गर्नेगरी सत्तापक्ष दलहरूले गृहकार्य गर्नु दुःखद् रहेको बताए । सत्तारुढ दलले ह्वीप जारी गरी हस्ताक्षर सङ्कलन गरेर सांसदहरूको विवेकलाई बन्दी बनाउन नहुने उनको धारणा थियो । कार्यपालिकाले व्यवस्थापिकामाथि हस्तक्षेप गरेको भन्दै यस्ता कार्यले लोकतन्त्र नै खतरामा पर्ने परियारले बताए ।

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का सांसद रोशन कार्कीले उपसभामुखलाई महाअभियोग लगाउनका लागि नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी (एमाले)ले खाली कागजमा हस्ताक्षर गराएको आरोप लगाइन् । भिजिट भिसा प्रकरणमा गृहमन्त्रीमाथि छानबिन नगर्ने वर्तमान सरकारले उपसभामुखसँग जोडिएको पुरानो विषयलाई बाहिर ल्याएर साना दललाई हतोत्साही गरिरहेको उनको भनाइ छ ।

संवैधानिक निकायमा आफू अनुकूलका व्यक्ति नियुक्ति गर्न संवैधानिक परिषद्मा बहुमत पु¥याउन सरकारले उपसभामुख रानालाई पदमुक्त गर्न षड्यन्त्र गरिरहेको समेत सांसद कार्कीले आरोप लगाइन् ।

आकस्मिक समयमा सांसद महेशकुमार बर्तौलाले मकवानपुर जिल्लाको मनहरी गाउँपालिका–६ मा चट्याङ लागेर एक जनाको मृत्यु र आठ जना घाइते भएका विषय सदनमा उठाए । चट्याङलगायत विपद्जन्य घटनामा मृत्यु भएका परिवारलाई सरकारबाट उपलब्ध गराइने राहत रकम बढाउनुपर्ने माग उनले राखे ।

सांसद रुक्मिणी राना बराइलीले पछिल्लो समय महिला हिंसाका घटना बढिरहेको भन्दै महिला हिंसा नियन्त्रण गर्न प्रभावकारी कानुन कार्यान्वयनमा गर्नुपर्नेमा जोड दिइन् । उनले महिला हिंसाका घटनाबारे सदनको ध्यानाकर्षण गराइन् ।

सांसद महेन्द्रराय यादवले सर्लाही जिल्ला हरिपुर्वा नगरपालिकामा असुरक्षा बढेको बताउँदै त्यहाँ इलाका प्रहरी कार्यालय स्थापना गर्ने र शान्ति सुरक्षा कायम गर्न सरकारसँग आग्रह गरे । त्यस्तै, तराईका क्षेत्रमा अहिले पनि खानेपानी र सिँचाइको समस्या कायम रहेको उनले उल्लेख गरे ।

सांसद डा अमरेशकुमार सिंहले हरिपुर्वामा पूर्वशिक्षक रामपुकार रायको गोली हानेर हत्या भएको विषय संसद्मा उठाउँदै नागरिकको जीउधनको सुरक्षाको प्रत्याभूति गर्न माग गरे । सत्तारुढ दुई ठूला दलले साना दललाई तर्साइरहेका उनले आरोप लगाए । न्याय पालिकामा सरकारको हस्तक्षेप बढेको उनको आरोप छ ।

सांसद अब्दुल खानले बर्दिया जिल्लामा बाघसहित जङ्गली जनावरको आक्रमणबाट नागरिकले ज्यान गुमाउनेक्रम नरोकिएको बताए । बाघको आक्रमण रोक्नका लागि राज्यका निकायबाट गम्भीर पहल गरिनुपर्ने उनले माग राखे । सांसद वासुदेव घिमिरेले हालसम्म दुई सय ५३ पालिकाले मात्रै भूउपयोग नीति बनाएका जनाउँदै तीबाहेकका अन्य पालिकाले भूउपयोग नीति लागू नगर्दा जमिनको कित्ताकाट खुल्न नसकेको बताए । भूउपयोग नीति कार्यान्वयनका लागि स्थानीय तहलाई सङ्घीय र प्रदेश सरकारले सहजीकरण गरिनुपर्ने उनले धारणा राखे ।

बुधबारको बैठकमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री नवलकिशोर साह सुडीले 'बालबालिकासम्बन्धी (पहिलो संशोधन) विधेयक, २०८२ माथि विचार गरियोस्' भन्ने प्रस्ताव प्रस्तुत गर्नेछन् । त्यस्तै मन्त्री सुडीले 'मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) (पहिलो संशोधन) विधेयक, २०८१ लाई दफावार छलफलका लागि सम्बन्धित समितिमा पठाइयोस्' भनी प्रस्ताव पेस गर्नुहुने कार्यसूची रहेको छ । रासस

# समसामयिक विषयमा सांसदद्वारा सरकारको ध्यानाकर्षण

**काठमाडौँ ।**
प्रतिनिधिसभाको बुधबारको बैठकमा सांसदहरूले दैलेखमा बढ्दो चट्याङको समस्या, सडक अवरुद्ध, वन्यजन्तुको आक्रमणलगायत समसामयिक विषयमा सरकारको ध्यानाकर्षण गराए ।

बैठकको शून्य समयमा सांसद्वय सीताकुमारी राना र सूर्यकुमारी श्रेष्ठले दैलेखमा बारम्बार पर्ने चट्याङको समस्याप्रति सरकार गम्भीर हुनुपर्ने माग राखे । सांसद रानाले चट्याङसम्बन्धी पूर्वसूचना प्रणालीका लागि 'सेन्सर' यन्त्र जडान गर्नुपर्ने माग राखे । सांसद श्रेष्ठले दैलेखमा किन बढी चट्याङ पर्छ भन्ने विषयमा भूगर्भविद् तथा विज्ञ टोलीलाई अध्ययन गर्न पठाउनुपर्ने बताउँदै पीडितलाई क्षतिपूर्ति उपलब्ध गराउनुपर्ने आवश्यकता औँल्याए ।

सांसद श्यामकुमार घिमिरेले संसद्मा विचाराधीन वैकल्पिक विकास वित्त विधेयक पारित भएपछि कोषबाट मुख्य प्राथमिकता सिन्धुलीको खुर्कोट–चियाबारी खण्डमा शुरुङमार्ग बनाउनुपर्ने माग राखे । उनका अनुसार सो मार्ग प्रयोग भएर दैनिक हजारौँ यात्रुलाई समय र दूरी दुवै बचत हुनेछ ।

सांसद सरस्वती बजिमयले खोटाङको जयरामघाट–हलेसी खण्ड अझै निर्माण हुन नसकेको भन्दै शीघ्र सम्पन्न गर्न माग गरिन् । धार्मिक तथा पर्यटकीय महत्त्वको क्षेत्र भएकाले मध्यपहाडी लोकमार्गअन्तर्गत सडक स्तरोन्नतिको काम अघि बढाउनुपर्ने उनको भनाइ छ ।

सांसद सुरेन्द्रराज आचार्यले बुटवल–नारायणगढ सडकखण्ड, विशेषगरी दाउन्ने क्षेत्रमा यात्रुहरू घण्टौँ जाममा पर्नुपर्ने अवस्थाबारे चिन्ता व्यक्त गर्दै चाडपर्वमा बढ्ने चापलाई ध्यानमा राखी तत्काल सडक सुधारका लागि पहल गर्नुपर्ने बताए ।

सांसद शोभा ज्ञवालीले बर्दियामा चितुवा र बाघको आक्रमणबाट पाँच वर्षमा ७२ जनाको मृत्यु भएको तथ्यांक प्रस्तुत गर्दै स्थानीयलाई संरक्षणको योगदानका बाबजुद पीडित बनाइएको बताइन् । सांसद सञ्जयकुमार गौतमले सोही विषयमा सरकार गम्भीर हुनुपर्ने माग दोहो¥याए ।

सांसद सीता मिजारले दलित आयोगले सिफारिस गरेको दलित समुदायका थरहरूको सूची सरकारले अझै स्वीकृत नगरेकामा दुःख व्यक्त व्यक्त गरिन् । थर सूचीकरण नभएकाले हजारौँ दलित नागरिकता, शिक्षा, सामाजिक सुरक्षालगायत संवैधानिक अधिकारबाट वञ्चित भएका उनको भनाइ छ ।

सांसद शक्तिबहादुर बस्नेत, हितराज पाण्डे, शेरबहादुर कुँवर र सुदन किराँतीलगायतले उपसभामुख विरुद्धको हस्ताक्षर अभियानप्रति आपत्ति जनाउँदै त्यसलाई निरंकुश प्रवृत्ति, महिलामाथिको अपमान र सदनको मर्यादामा धक्का लगाउने कार्य भएको आरोप लगाए । उनहरूले आवश्यक भए न्यायिक छानबिन गरेर मात्र निष्कर्ष निकाल्नुपर्ने धारणा राखे ।

सांसद सुशीला सिर्पाली ठकुरीले महिला समन्वय समिति गठनमा भएको ढिलाइबारे प्रश्न उठाए । सांसद सुशीला श्रेष्ठले डिजिटल कारोबारलाई सहज बनाउन अनलाइन भुक्तानी शुल्क हटाउनुपर्ने माग राखे ।

सांसद सुहाङ नेम्वाङले इलामको खानेपानी तथा ढल व्यवस्थापन कार्यालय सारिएको विषयमा आपत्ति जनाउँदै यसका कारण सेवा प्रवाह कमजोर हुने बताए । सांसद सूर्यप्रसाद ढकालले मुक्तकमैयालाई वितरण गरिएको जग्गाधनी लालपुर्जा अरु नागरिकसरह प्रयोग गर्न पाउनुपर्ने माग गरे ।

सांसद सूर्यबहादुर थापा क्षेत्रीले भालुवाङ–प्युठान सडकखण्डमा बारम्बार पहिरोका कारण समस्या हुने भएकाले तत्काल समाधान खोज्न सरकारलाई आग्रह गरे । सांसद हसिना खानले बाँकेमा तटबन्ध नहुँदा किसानको जमिन कटान भइरहेको र उर्वर जमिन नष्ट भएको भन्दै तत्काल तटबन्ध निर्माण गर्न माग राखिन् ।

सांसद हृदयराम थानीले कर्णाली प्रदेशलाई विशेष आर्थिक क्षेत्र घोषणा गरी विकासको मूलधारमा समेट्नुपर्ने माग गरे । सांसदहरू ज्ञानु बस्नेत सुवेदी, ज्ञानेन्द्रबहादुर कार्की, हेमराज राई, सूर्यमान तामाङ दोङ, हर्कमाया विश्वकर्मा, शान्ति चौधरी र सराज अहमद फारुकीले पनि विभिन्न समयसामयिक विषयमा सरकारको ध्यानाकर्षण गराए । रासस

# सरकार भूमिसम्बन्धी समस्या समाधान गर्न प्रतिबद्ध

**काठमाडौँ ।**
नेपाल कम्युनिष्ट पार्टी (एमाले)का महासचिव शङ्कर पोखरेलले सरकारले भूमिमा देखिएको समस्या समाधानको पहल गरिरहेको बताएका छन् ।

ललितपुरको च्यासलस्थित नेकपा (एमाले) केन्द्रीय कार्यालयमा भूमि अधिकार तथा श्रमिक सङगठन, नेपालको आयोजनामा 'भूमिको समस्या समाधान, आयोग एवं सरोकारवालाको भूमिका' विषयक अन्तरसंवादमा उनले एमालेका अध्यक्ष केपी शर्मा ओली नेतृत्वको सरकारले भूमि समस्या समाधान गर्ने काम गरिरहेको बताए ।

'भूमिसम्बन्धी समस्या अहिले राखेर पछि गरौँला भन्ने पक्षमा सरकार छैन । पछि पनि भूमिको समस्या भइरहन्छ,' उनले भने, 'त्यसैले सरकार जतिसक्दो भूमि समस्या समाधान गर्न खोजिरहेको छ ।' महासचिव पोखरेलले एमाले पार्टीले भूमिमा देखिएका समस्या समाधान गर्ने कुरामा पूर्ण सहयोग रहेको बताए । उनले भूमिहीन उपेक्षित वर्गलाई अधिकार दिन कुनै राजनीतिक दलले हिचकिचाउन नहुने बताए ।

उनले भूमि सुकुम्वासीलाई भूमिको अधिकार राज्यले प्रदान गर्नुपर्नेमा जोड दिए । महासचिव पोखरेलले भूमि आयोगलाई काम गर्ने वातावरण बनाइदिएर अहिले भूमिको समस्या समाधान गर्न आग्रह गरे । 'अहिले सबैभन्दा उपयुक्त समय रहेको छ । भूमि आयोगलाई काम गर्ने सक्ने बनाउने जिम्मेवारी राजनीतिक दलको हो,' उनले भने । कार्यक्रममा श्रमिक सङ्गठनका इन्चार्ज शान्ता चौधरीले भूमिहीन सुकुम्वासीका समस्या समाधान गर्न सरकार प्रतिबद्ध रहेको बताए । श्रमिक सङगठनका अध्यक्ष इन्द्र तामाङले भूमि आयोगबाट भूमिहीनका समस्या समाधान गर्नुपर्नेमा जोड दिए । रासस

# अन्नपूर्ण संरक्षण क्षेत्रः मनसुनमा घटे पर्यटक

**गण्डकी ।**
पदयात्रा पर्यटनका लागि विश्वप्रसिद्ध गन्तव्य अन्नपूर्ण संरक्षण क्षेत्रमा मनसुनका कारण पर्यटक घटेका छन् । गत असारयता पर्यटक आगमनमा कमी आएको अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाले जनाएको छ ।

असारमा १९ हजार ७ सय ४९ पर्यटकले उक्त क्षेत्रको भ्रमण गरेका थिए । साउनमा जम्मा ११ हजार ८२४ पर्यटक भित्रिएको आयोजनाका प्रमुख डा. रविन कडरियाले जानकारी दिए ।

मनसुन शुरू हुनुअघि गत जेठमा ३१ हजार ९ सय ५५ पर्यटक अन्नपूर्ण क्षेत्रमा आएका थिए । गत वर्षको तुलनामा भने यो साउनमा पर्यटक बढी आएको उनको भनाइ छ ।

गत वर्ष साउनमा जम्मा पाँच हजार ७ सय १० पर्यटकले अन्नपूर्ण क्षेत्रको भ्रमण गरेका थिए । मनसुनयाम पर्यटन क्षेत्रका लागि बेमौसम मानिन्छ ।

असोज लागेपछि पदयात्राका लागि आउने स्वदेशी तथा विदेशी पर्यटकको संख्या बढ्ने आयोजना प्रमुख डा कडरियाले बताए । 'मनसुनयाममा पनि घुम्न सकिने गन्तव्यको पहिचान र प्रवद्र्धनको काम गर्न सकिएमा विदेशी पर्यटक आकर्षित गर्न सकिन्छ,¬' उनले भने, 'पछिल्लो समय कास्कीको कोरी, बागलुङको ढोरपाटनलगायत ठाउँमा मनसुन पदयात्राका लागि आन्तरिक पर्यटक पुग्न थालेका छन् ।'

असारदेखि भदौसम्मको यामलाई पर्यटन क्षेत्रका लागि 'अफसिजन'का रूपमा लिने गरिएको उनले बताए । अन्नपूर्ण क्षेत्रको पदयात्राका लागि असोजदेखि मङ्सिर र चैतदेखि जेठसम्मको समय उत्तम मानिन्छ ।

सोही याममा पर्यटक आगमन पनि उल्लेख्य रूपमा बढ्ने गरेको छ । गत आवमा दुई लाख ७८ हजार १ सय १३ विदेशी पर्यटकले भ्रमण गरेका थिए ।

आयोजना कार्यालयले अन्नपूर्ण चक्रीय पदमार्गमा घुमफिर गर्ने विदेशी पर्यटकको मात्र तथ्याङ्क राख्ने गरेको छ ।

यस क्षेत्रमा पर्ने अन्नपूर्ण आधार शिविर, कास्कीको मर्दी हिमाल, ल्वाङ, घान्द्रुक गाउँ, मनाङको तिलिचो ताल, थोरङ्ला भञ्ज्याङ, उपल्लो मुस्ताङ, मुक्तिनाथ क्षेत्र, म्याग्दीको घोडेपानी, पुनहिललगायतका गन्तव्यस्थलले पर्यटकलाई लोभ्याउने गरेको छ । कास्की, लमजुङ, मनाङ, म्याग्दीलगायतका मार्गबाट अन्नपूर्ण क्षेत्रको छोटो, मध्यम र लामो दूरीको पदयात्रा गर्न सकिन्छ ।

सात हजार ६ सय वर्ग किलोमिटरमा फैलिएको अन्नपूर्ण संरक्षण क्षेत्रमा कास्की, लमजुङ, मनाङ, म्याग्दी र मुस्ताङका १५ स्थानीय तहका ८७ वडा पर्छन् ।

अन्नपूर्ण संरक्षण क्षेत्र प्राकृतिक सौन्दर्य, जैविक विविधता, हिमाली जनजीवन, सभ्यता, संस्कृति आदि कारणले आन्तरिक तथा बाह्य पर्यटकको रोजाइमा पर्ने गरेको छ । रासस

# नेप्से परिसूचक नौ दशमलव ७० अङ्कले घट्यो

**काठमाडौँ।**
नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक नौ दशमलव ७० अङ्कले घटेर दुई हजार ७६७ दशमलव २० को विन्दुमा कायम भएको छ।

आज ३२३ कम्पनीको एक करोड ५२ लाख ६६ हजार ६१७ कित्ता शेयर ५३ हजार ८५३ पटक खरिदबिक्री हुँदा रू पाँच अर्ब २० करोड सात लाख ५३ हजार ८६८ बराबरको कारोबार भएको छ।

होटल तथा पर्यटन समूह दुई दशमलव शून्य तीन र म्युचुअल फण्ड शून्य दशमलव शून्य छ प्रतिशतले बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको छ । बैंकिङ शून्य दशमलव १९, विकास बैंक शून्य दशमलव ७६, वित्त शून्य दशमलव ५३, जलविद्युत् शून्य दशमलव ५८ र लगानी समूह शून्य दशमलव ३९ प्रतिशतले घटेको छ।

जीवन बिमा शून्य दशमलव ३२, उत्पादन तथा प्रशोधन शून्य दशमलव ६७, लघुवित्त शून्य दशमलव ४०, निर्जीवन बिमा शून्य दशमलव ५८, व्यापार एक दशमलव शून्य छ र अन्य समूह शून्य दशमलव १० प्रतिशतले घटेको छ।

विकास हाइड्रोपावर कम्पनी लिमिटेडको शेयर मूल्यमा आज सकारात्मक सर्किट लागेको छ । सबैभन्दा बढी पञ्चकन्या माईहाइड्रोपावर लिमिटेडको शेयर मूल्य नौ दशमलव शून्य तीन प्रतिशतले घटेको छ।

कारोबार रकमका आधारमा आज सबैभन्दा बढी नेपाल रिइन्स्योरेन्स कम्पनी लिमिटेडको २५ करोड नौ लाख ७९ हजार २ सय ४० रुपैयाँ बराबरको कारोबार भएको छ।

कारोबार भएका शेयर संख्याका आधारमा सबैभन्दा बढी आरबिबी म्युचुअल फण्ड–१ को २६ लाख ५७ हजार ५ सय ५५ कित्ता शेयर खरिदबिक्री भएको छ। रासस

# योजनाको निर्माणअवधि लम्बियो

**म्याग्दी ।**
म्याग्दीको अन्नपूर्ण गाउँपालिकाले सञ्चालन गरेका गौरवका आयोजना अधुरा छन् ।

समयमा काम हुन नसक्दा योजनाको निर्माणअवधि लम्बिएको मात्र छैन नागरिकले सेवा सुविधा उपभोग गर्न पाएका छैनन् ।

आर्थिक वर्ष २०८१–८२ मा ठेक्कामार्फत सञ्चालन भएका सेकार्कु तातोपानी, रुप्से झरना पूर्वाधार निर्माण र खिवाङ–घराम्दी सडक निर्माण योजना पूरा हुन नसकेका हुन् । अघिल्लो आर्थिक वर्षदेखि नै शुरू भएका प्रभा मावि नारच्याङ र पाउद्धार माविको भवनले पनि पूर्णता पाउन सकेको छैन ।

कालीगण्डकी निर्माण सेवाले २०८१ असार ६ गते एक करोड १७ लाख ८४ हजार ६ सय ३० रुपैयाँमा ठेक्का सम्झौता गरेको सेकार्कु तातोपानी कुण्डको पूर्वाधार निर्माण योजनाको ५४ प्रतिशत भौतिक प्रगति भएको गाउँपालिकाका सबइञ्जिनियर करिम मुल्लाह मियाँले बताए ।

उनका अनुसार सुन्दर निर्माण सेवाले २०८१ साल जेठ ३० गते रुप्से झरनामा पूर्वाधार निर्माणका लागि तीन करोड २२ लाख ७० हजार ७ सय ७८ रुपैयाँमा ठेक्का सम्झौता गरेको योजनाको ४६ प्रतिशत प्रगति भएको छ ।

निर्माण कम्पनीले ५५ लाख ४० हजार ८ सय ८१ रुपैयाँमा ठेक्का सम्झौता गरेको खिवाङ–घराम्दी सडक योजनाको ५५ दशमलव ५१ प्रतिशत भौतिक प्रगति भएको छ । आव २०८१–८२ मा सम्पन्न गर्ने लक्ष्य पूरा सेकार्कु तातोपानी, रुप्से झरना, खिवाङ–घराम्दी सडकको म्याद थपिएको छ । विसं २०८१ जेठ १७ गते निम्बेल–कृपेश जेभीले तीन करोड ६१ लख ८३ हजार २ सय ८१ मा ठेक्का पाएको योजनाको हालसम्मको भौतिक प्रगति २२ प्रतिशत छ । आव २०८०–८१ देखि शुरु भएको दाना स्वास्थ्यचौकीको भवन निर्माणले गत आवमा पूर्णता पाएको छ ।

तीन करोड ८४ लाख रुपैयाँमा ठेक्का सम्झौता भई आव २०८०–८१ देखि शुरू भएको प्रभा माविको पूर्वाधार निर्माण योजनाको बजेटले गत वर्ष निरन्तरता नपाउँदा पूर्णता पाउन सकेन । २० लाख रुपैयाँभन्दा बढी बजेट विनियोजन भएको र ठेक्कामार्फत सञ्चालित मध्य बैसरी–हल्लेखर्क–कुरमुनि खानेपानी योजना र राम्चे वडा कार्यालयको भवनमात्र सम्पन्न भएको छ ।

प्रतिकूल भूगोल, निर्माण व्यवसायीले समयमा काम नगर्ने प्रवृत्ति र दरबन्दीअनुसारका प्राविधिक जनशक्तिको कमीलगायत कारणले योजना कार्यान्वयनमा चुनौती सृजना भएको अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष भारतकुमार पुनले बताए ।

अन्नपूर्णमा गत वर्ष एक सय ३४ वटा योजना कार्यान्वयन भएकामध्ये पाँच लाख रुपैयाँसम्म बजेट विनियोजन भएका योजनाको संख्या ७४ वटा थिए । गाउँपालिकास्तरीय १२ र वडास्तरीय एक सय २२ वटा योजना कार्यान्वयन भएको गाउँपालिकाका प्रशासकीय अधिकृत भगवती कटुवालले बताइन् ।

उनका अनुसार ५० लाख रुपैयाँभन्दा बढी बजेटका चार, २५ देखि ५० लाख बजेटका तीन र पाँचदेखि २५ लाख बजेटका ५३ वटा योजना कार्यान्वयन भएका थिए । ठूला योजना कार्यान्वयन फितलो हुँदा गाउँपालिकाको गत आर्थिक वर्षको पुँजीगततर्फको प्रगति ५० दशमलव ३७ प्रतिशतमात्र छ । पुँजीगत शीर्षकमा १९ करोड ९१ लख ५३ हजार रुपैयाँ विनियोजन भएकामा १० करोड तीन लाख चार हजार रुपैयाँ अथवा ५० दशमलव ३७ प्रतिशतमात्र खर्च भएको हो । रासस

# पुरुष क्रिकेटः मेलबर्नमाथि नेपाल विजयी




**काठमाडौँ।**
अस्ट्रेलियाको नर्दन टेरिटोरीमा जारी टप एण्ड टी–२० सिरिजमा नेपालले मेलबर्न रेनेगेड्स एकेडेमीलाई ३३ रनले हराउँदै प्रतियोगितामा लगातार दोस्रो जित दर्ता गराएको छ। यसअघि मङ्गलबार भएको आफनो चौथो खेलमा नेपालले होबर्ट हुरिक्यान्स एकेडेमीलाई ६६ रनले पराजित गर्दै विजयी भएको थियो।

डार्विनको पार्मस्टनस्थित काजालिस एरेनामा आज भएको खेलमा नेपालले दिएको एक सय ४० रनको लक्ष्य पछयाएको रेनेगेड्स निर्धारित २० ओभरमा सबै विकेट गुमाउँदै एक सय छ रनमा अलआउट भयो। रेनेगेड्सका लागि अर्जुन नायरले सर्वाधिक २६ रन बनाए भने जे लेमिरले १८ र ह्यारी डिक्सनले १६ रन बनाए।

रेनेगेड्सलाई सस्तैमा समेट्ने क्रममा नेपालका सोमपाल कामी एक्लैले पाँच विकेट लिए भने कुशल भुर्तेलले दुई र रुपेश सिंह, दीपेन्द्रसिंह ऐरी र शाहब आलमले समान एक–एक विकेट झारे।

त्यसअघि टस जितेर पहिला ब्याटिङ गरेको नेपालले निर्धारित २० ओभरमा नौ विकेट गुमाएर एक ३९ रनको योगफल बनाएको थियो।

नेपालका लागि कुशल मल्लले सर्वाधिक २९ रनको योगदान दिए। उनले २२ बलमा एक चौका र एक छक्कासहित सर्वाधिक २९ रन बनाएका हुन्।

दीपेन्द्रसिंह ऐरीले २८ बलमा २७ रन बनाउँदा लोकेश बमले १६ बलमा २४ रन जोडे। भीम सार्कीले १७ तथा आरिफ शेख र रुपेश सिंहले समान १२–१२ रन बनाए।

बलिङतर्फ रेनेगेड्सका फर्गस ओनिल, लचलान बाङ्स, क्यालम स्टो र माइकल आर्चरले समान दुई–दुई विकेट लिए । नेपालले यसअघि खेलको चार खेलमध्ये एकमा जित तथा तीन खेलमा हार बेहोरेको थियो।

नेपाल पहिलो खेलमा एनटी स्ट्राइकसँग ४२ रनले पराजित भएको थियो भने दोस्रो खेलमा बङ्गलादेश 'ए' सँग ३२ रनले तथा तेस्रो खेलमा मेलबर्न स्टार्ससँग ३१ रनले पराजित भएको थियो। नेपालले यही भदौ ६ गते पाकिस्तान शाहीन्ससँग खेल्नेछ । रासस

# भारतको स्वच्छ ऊर्जा कोसेढुङ्गा, तर कोइलामै निर्भरता

**भारत ।**
भारतले आफ्नो स्थापित ऊर्जा क्षमताको आधा हिस्सा गैर–जीवाश्म इन्धनबाट हासिल गरेर निर्धारित लक्ष्यभन्दा वर्षौँअघि महत्त्वपूर्ण कोसेढुङ्गा पूरा गरेको छ । तर विश्वको तेस्रो सबैभन्दा ठूलो हरितगृह ग्यास उत्सर्जक भारत अझै पनि बिजुली उत्पादनका लागि कोइलामै गहिरो निर्भर छ ।

'यो भारतको ऊर्जा सङ्क्रमण यात्रामा ठूलो उपलब्धि हो,' नवीकरणीय ऊर्जामन्त्री प्रह्लाद जोशीले जुलाईमा तथ्याङ्क सार्वजनिक गर्दै भने, 'यो उपलब्धि भारतले पेरिस सम्झौताअन्तर्गत लिएको सन् २०३० को लक्ष्यभन्दा पाँच वर्षअघि आएको हो । सन् २०७० सम्म शुद्ध–शून्य उत्सर्जनमा पुग्ने भारतको प्रतिबद्धताको दिशामा यो एक महत्त्वपूर्ण कदम हो ।'

तर जलवायु विज्ञ अवन्तिका गोस्वामी भन्छन्, '५० प्रतिशतको यो कोसेढुङ्गाले स्थापित क्षमतामात्र देखाउँछ, वास्तविक उत्पादन अझै पनि निकै कम छ ।' कारण स्पष्ट छ – हाल करिब तीन–चौथाई बिजुली अझै पनि कोइला जलाउने पावर प्लान्टबाट नै आउँछ ।

**कोइला विरोधाभास**

भारतको कोइलामाथि निर्भरता अझै पनि घटेको छैन । बरु, गत वर्षमा कोइला उत्पादन पाँच प्रतिशतले बढेको छ । कोइला मन्त्रालयले भनेको छ, 'कोइला अझै पनि अपरिहार्य छ ।' यसले ऊर्जा सङ्क्रमणमा भारतका व्यावहारिक चुनौतीहरू देखाउँछ । नवीकरणीय ऊर्जामा तीव्र वृद्धि भए पनि भण्डारण क्षमताले माग धान्न सकेको छैन ।

मन्त्रालयका अनुसार कोइला क्षेत्र भारतको ऊर्जा मिश्रणमा प्रमुख योगदानकर्ता बनेको छ । यसले देशको ७४ प्रतिशतभन्दा बढी बिजुली आपूर्ति गर्छ र स्टिल तथा सिमेन्ट जस्ता प्रमुख उद्योगलाई पनि चलाइराख्छ ।

यो निर्भरताले भारतलाई विश्वव्यापी रूपमा चुनौतीपूर्ण स्थितिमा राख्छ । समग्रमा कार्बन उत्सर्जनका लागि यो मुलुक चीन र संयुक्त राज्य अमेरिकाभन्दा पछि छ । यही कारणले भारत अझै पनि विश्वको तेस्रो ठूलो उत्सर्जक बनेको छ । तर विश्लेषकहरूका अनुसार भारतको जनसंख्या एक अर्ब ४० करोड भए पनि प्रतिव्यक्ति उत्सर्जन विश्वव्यापी औसतको एक तिहाइ मात्रै हो ।

सतत सम्पदा क्लाइमेट फाउन्डेसनका कार्यकर्ता हरजित सिंहका शब्दमा, 'प्रतिव्यक्ति उत्सर्जन हेर्दा भारतले अपेक्षाकृत राम्रो प्रगति गरिरहेको छ ।' भारतले सन् २०३० सम्ममा उत्सर्जन ४५ प्रतिशत घटाउने लक्ष्य लिएको छ । तर विज्ञान तथा वातावरण केन्द्रका अनुसार सन् २०४७ सम्ममा बिजुलीको माग दोब्बरभन्दा बढी हुने अपेक्षा गरिएको छ ।

**नवीकरणीय ऊर्जामा प्रगति**

भारतको ४८४.८ गिगावाट स्थापित क्षमतामध्ये आधा गैर–जीवाश्म इन्धन स्रोतबाट आएको छ ।

यसको सबैभन्दा ठूलो हिस्सा सौर्य ऊर्जाबाट छ । यो कुल ११९ गिगावाट छ जुन विश्वमै तेस्रो ठूलो हो । भारतले मरुभूमिमा विश्वकै सबैभन्दा ठूलो सौर्य र हावा ऊर्जा फार्म निर्माण गरिरहेको छ ।

यसपछि हाइड्रो, हावा र आणविक ऊर्जा छन् । तर आणविक ऊर्जाको योगदान दुई प्रतिशतभन्दा कम छ । तर समस्या के छ भने सौर्य र हावाबाट ऊर्जाको उत्पादन मौसमअनुसार मात्र स्थिर हुन्छ । भण्डारण क्षमता भने जम्मा ५०५ मेगावाट घन्टा छ । यो अपर्याप्त छ ।

मन्त्री जोशीले भने, 'भारत हरेक वर्ष २५–३० गिगावाट नवीकरणीय क्षमता थप्दैछ । तर भण्डारण क्षमता नभएसम्म हामी या त त्यो ऊर्जा बर्बाद गर्नेछौँ वा नवीकरणीय घट्दा फेरि कोइलामै फर्कनुपर्नेछ ।'

**भण्डारण र चीनमाथि निर्भरता**

भण्डारणका लागि आवश्यक ब्याट्री उत्पादनमा दुर्लभ धातु चाहिन्छ । यो दुर्लभ धातुको ७० प्रतिशत आपूर्ति चीनले नियन्त्रण गरेको छ । हरजित सिंह भन्छन्, 'हामी अझै पनि चीनमाथि निर्भर छौँ ।' यही कारणले चीनका विदेशमन्त्री वाङ यीले हालै नयाँदिल्ली आएर दुर्लभ धातुको आपूर्तिबारे छलफल गरेका थिए ।

भारतले अर्को विकल्पका रूपमा पम्प–हाइड्रो भण्डारण प्रणालीमा ध्यान दिइरहेको छ । यसमा अतिरिक्त ऊर्जा प्रयोग गरेर पानीलाई माथिल्लो जलाशयमा पम्प गरिन्छ र माग बढ्दा बिजुली उत्पादन गर्न सो पानी प्रयोग गरिन्छ ।

**आगामी बाटो**

तर विशेषज्ञ गोस्वामी स्वच्छ ऊर्जामा सङ्क्रमणका लागि बहुआयामिक दृष्टिकोण आवश्यक रहेको बताउनुहुन्छ । उनी भन्छन्, 'भारतको स्वच्छ ऊर्जामा रूपान्तरण बहुआयामिक हुनुपर्नेछ । कोइला प्लान्टको उत्सर्जन घटाउँदै, ग्रिडमा नवीकरणीय स्रोतलाई राम्रोसँग एकीकृत गर्न सके मात्र वास्तविक परिवर्तन सम्भव हुनेछ ।' रासस



**ड्रागन टिप्दै कृषकः** कास्कीको पोखरा महानगरपालिका वडा नं २५ हेमजाका कृषक मित्रलाल त्रिपाठी ड्रागन फल टिप्दै । समुद्री सतहदेखि एक हजार १ सय फिटको उचाइमा रहेको फुर्केटारी ड्रागन एग्रो फर्ममा विभिन्न ९० प्रजातिका दुई हजार बोट रहेका छन् । अहिले दैनिक ३० देखि ५० केजी उत्पादन हुँदै आएको छ ।

*तस्बिरः हरिप्रसाद बाँस्तोला*

# बजेट अभावमा माइभगवती रङ्गशाला निर्माण रोकियो

**इलाम ।**
इलाम नगरपालिका–१० गोदकस्थित राजदुवाली टप्पुमा निर्माणाधीन अन्तरराष्ट्रियस्तरको 'माइभगवती रङ्गशाला' बजेट अभावका कारण अलपत्र परेको छ ।

सात वर्षअघि निर्माण शुरू भएको सो रङ्गशाला पछिल्लो तीन आर्थिक वर्षदेखि निरन्तर बजेट विनियोजन नहुँदा अधुरै छाडिएको हो । अहिले निर्माणस्थलल झाडीले ढाकिएको छ भने निर्माण भएका केही संरचना जीर्ण बन्दै गएका छन् ।

रङ्गशाला निर्माणका लागि हालसम्म कोशी प्रदेश सरकार र इलाम नगरपालिकाको समपुरक अनुदानमार्फत चार करोड आठ लाख २३ हजार रुपैयाँ खर्च भएको छ । रकमबाट चार चरणमा पर्खाल, प्यारापिट र रेलिङ निर्माणको काम सम्पन्न भएका छन् । नगरपालिकाका इञ्जिनियर क्षितिज दाहालका अनुसार अहिलेसम्म समग्रमा रङ्गशालाको करिब १० प्रतिशत काम मात्र भएको छ ।

समपूरक अनुदानमार्फत रङ्गशाला निर्माणका लागि आर्थक वर्ष २०७६–७७ मा एक करोड ३६ लाख रुपैयाँ, आव २०७७–७८ मा ८४ लाख १९ हजार रुपैयाँ, आव २०७८–७९ मा ८४ लाख १९ हजार रुपैयाँ र आव २०७९–८० मा एक करोड दुई लाख ९८ हजार रुपैयाँ विनियोजन भएको थियो । पछिल्लो तीन आर्थिक वर्षदेखि भने कुनै बजेट विनियोजन हुन सकेको छैन ।

कोशी प्रदेश सरकारसँग पटकपटक बजेट माग गर्दा सुनुवाइ नभएकाले रङ्गशालाले पूर्णता पाउन नसकेको इलाम नगरप्रमुख केदार थापाले बताए । 'रङ्गशाला निर्माणका लागि हामीले प्रदेश सरकारसँग पटक पटक माग गरेका छौँ । तर सुनुवाइ भएको छैन,' उनले भने, 'नगरपालिकाले एक्लैले बनाउन सक्दैन, माथिल्लो सरकारको सहयोगविनाको विकल्प छैन ।'

करिब एक सय २० रोपनी क्षेत्रमा बन्ने यो रङ्गशालाको विस्तृत परियोजना प्रतिवेदन (डिपीआर) अनुसार निर्माण सम्पन्न गर्न करिब ५० करोड रुपैयाँ लाग्ने अनुमान गरिएको छ । रङ्गशाला निर्माणले पूर्णता पाएपछि फुटबल र क्रिकेटसहितका विभिन्न राष्ट्रिय र अन्तरराष्ट्रिय प्रतियोगिता आयोजना गर्न जिल्लावासी आशावादी छन् । रासस

# झापाका सुधार केन्द्रमा आठ सयभन्दा बढी युवा

**झापा।**
लागुऔषधको दुव्र्यसनमा फसेका आठ सय ४५ युवा झापाका विभिन्न सुधार (पुनःस्थापना) केन्द्रमा रहेका जिल्ला प्रशासन कार्यालयले जनाएको छ।

जिल्लामा रहेका २७ वटा पुनःस्थापना केन्द्रमा अहिले आठ सय ४५ जना लागुऔषधको दुव्र्यसनमा फसेका युवा छन्। ती युवालाई अभिभावक आफैँले र प्रहरीले दुव्र्यसनबाट मुक्त गराउन पुनःस्थापना केन्द्रमा राखेका हुन्।

भारतसँगको खुला सीमानाका कारण पछिल्लो समय जिल्लामा लागुऔषध दुव्र्यसनको समस्या भयावह रूपमा देखिएको छ । दिनहुँ प्रहरीले सीमानाका, ठूला बजार र ग्रामीण बस्तीबाट युवालाई लागुपदार्थसहित नियन्त्रणमा लिने गरेको छ।

सहायक प्रमुख जिल्ला अधिकारी तेजप्रकाश प्रसाईँका अनुसार मेचीनगर र विर्तामोडमा छवटाका दरले पुनःस्थापना केन्द्र सञ्चालनमा छन् भने शिवसताक्षीमा चार, दमकमा तीन, कनकाईमा तीन, अर्जुनधारामा दुई, कमलमा दुई र बुद्धशान्तिमा एउटा पुनःस्थापना केन्द्र रहेका छन्।

विर्तामोडका पुनःस्थापना केन्द्रमा सबैभन्दा बढी दुई सय २३ जना युवा उपचाररत् छन्। मेचीनगरमा एक सय ७८, शिवसताक्षीमा एक सय पाँच, दमकमा ८९, कनकाईमा ८२, कमलमा ७३, अर्जुनधारामा ५५ र बुद्धशान्तिमा ४० जनाले लागुऔषध दुव्र्यसनको मुक्तिका लागि उपचार गराइरहेका छन्।

मेचीनगर नगरपालिका–६ काँकडभिट्टास्थित नवयात्रा पुनःस्थापना केन्द्रका सञ्चालक भीमप्रसाद लुइँटेलले केन्द्रमा हाल ३३ जनाको उपचार भइरहेको बताए । समाजले बिग्रियो भनेर बेवास्ता गरेको र परिवारको विश्वास गुमाइसकेको अवस्थामा दुव्र्यसनमा लागेको युवालाई सुधारेर स्वस्थ बनाइ परिवार र समाजमा पुनःस्थापना गर्ने कार्य सहज भने नहुने उनले धारणा राखे।

'राज्यले गर्नुपर्ने काम हामीले गरिरहेका छौँ,' विगत १३ वर्षदेखि पुनःस्थापना अभियानमा सक्रिय लुइँटेलले भने, 'सीमावर्ती क्षेत्रमा यो समस्या विकराल भइसकेको छ । राज्यले यो विषयमा गम्भीर हुन ढिला भइरहेको छ।'

पुनःस्थापना केन्द्रहरूले तीनमहिने र छमहिने कोर्स पूरा गर्नेगरी दुव्र्यसनमा लागेका युवाहरूको आवासीय सशुल्क उपचारको व्यवस्था गर्दै आएका छन् । केन्द्रमा आवासीय उपचार गराउन आउने युवालाई दुव्र्यसन छुटाउन दिनहुँ परामर्श कक्षामा सहभागी गराउने, नियमित स्वास्थ्य परीक्षण गराउने र हरेक दिन योग तथा ध्यानसमेत गराउँदै आइएको नवयात्रा पुनःस्थापना केन्द्रका सञ्चालक लुइँटेलले बताए । रासस

# लोमान्थाङमा खुल्यो 'सङ्ग्रहालय'

**मुस्ताङ।**
उत्तरी चीनसँग सिमाना जोडिएको उपल्लो मुस्ताङको लोमान्थाङ गाउँपालिकास्थित पर्खालले घेरिएको माटोको सहरका रुपमा परिचित लोमान्थाङमा सङ्ग्रहालय स्थापना गरिएको छ । यहाँका स्थानीय जनप्रतिनिधि छेवाङ रिनजिन गुरुङले व्यक्तिगत रुपमा त्यहाँ सङ्ग्रहालय स्थापना गरेका हुन्।

उपल्लो मुस्ताङस्थित पर्खालले घेरिएको माटोको सहर लोमान्थाङको विगत र वर्तमान अवस्थामा भइरहेका विद्यमान परिवर्तित विकासलाई त्यहाँ पुग्ने पर्यटक माझ पस्किन लोमान्थाङका वडा सदस्य छेवाङले सङ्ग्रहालय स्थापना गरेका हुन् । त्यहाँ वडा सदस्य छेवाङले आफ्नो पूर्वजले बनाएको दुई सर्य वर्ष पुरानो ढुङ्गा र माटोले निर्मित पुरानो दुईतलाको घरमा सङ्ग्रहालय स्थापना गरेका हुन्।

उपल्लो मुस्ताङमा बर्सेनि विदेशी पर्यटकले महँगो शुल्क तिरेर त्यहाँ जाने गर्छन । पछिल्लो समय सडक सहज भइसकेकाले नेपाली स्वदेशी पर्यटक उल्लेख्य मात्रामा उपल्लो मुस्ताङ घुम्न पुग्छन् । त्यहाँ पुग्ने स्वदेशी तथा विदेशी पर्यटकले लोमान्थाङको ऐतिहासिकता, धर्म, संस्कृति र परम्पराको बारेमा खासै जानकारी हासिल गर्न सक्दैनन् । यसर्थ उपल्लो मुस्ताङको भ्रमण गर्ने पर्यटकलाई त्यहाँ पर्खालले घेरिएको लोमान्थाङको पर्याप्त जानकारी उपलब्ध गराउने उद्देश्यले वडा सदस्य छेवाङले सङ्ग्रहालय स्थापना गरेको बताउँछन् ।

सन् १९९२ पछि उपल्लो मुस्ताङमा धेरै विकासका नमूना कोरिएको सङ्ग्रहालय सञ्चालन छेवाङले उल्लेख गरे । 'यहाँ पाँच सय वर्षमा हुन नसकेको विकास पछिल्लो ३० वर्षमा भएको छ, यहाँ सडक, बिजुली, इन्टरनेटका सुविधा जोडिएका छन्,' सञ्चालक वडा सदस्य छेवाङले थपे, 'यहाँ लोमान्थाङको पहिलेको जीवनशैली र वर्तमानको जीवनशैलीलाई अहिलेको पुस्तालाई देखाउन र पर्यटकलाई परिवर्तित लोमान्थाङको सचित्र उजागर गर्ने गरी सङ्ग्रहालयमा त्यसका तस्बिरहरु राखिएको छ।'

पर्खालले घेरिएको लोमान्थाङभित्र दर्जनौँ पुराना ढुङ्गा र माटोले बनेका ऐतिहासिक गुजमुच्च एकआपसमा जोडिएका परम्परागत घर अवस्थित छन् । त्यही पुराना घरहरुमा त्यहाँ जाने पर्यटकले रात कटाउँथे । अहिले त्यस्तो अवस्था नरहेको वडा सदस्य छेवाङको भनाइ छ । लोमान्थाङमा आधुनिक घरहरु निर्माण हुँदै गरेको र पर्यटकका लागि भीआइपी होटलहरु सञ्चालनमा रहेको उनले बताए । यहाँ सङ्ग्रहालयमा पर्यटकलाई विगत र वर्तमान लोमान्थाङको परिवर्तित अवस्थालाई म्यूजिक अवलोकनबाट सबै कुरा जानकारी प्राप्त हुने बताए।

सङ्ग्रहालयमा यहाँको हिउँदयाम र वर्खायाममा हुने मौसम परिवर्तन र जीवनशैलीको थुप्रै तस्बिरहरु सङ्ग्रहालयमा व्यवस्थापन गरेका छन् । यहाँका कृषि, पशुपालक, चाडपर्व, ऐतिहासिक तथा धार्मिक सम्पदाको तस्बिर ग्यालरी सङ्ग्रहालयमा पुगेर अवलोकन गर्न पाइने वडा सदस्य छेवाङले बनाए।

लोमान्थाङको ऐतिहासिक तिजी र यार्तुङ लगायतका विभिन्न चाडपर्व मनाउने प्रचलन र तरिकालाई सङ्ग्रहालयमा समेटिएको उनले बताए। 'यहाँको महत्वपूर्ण चाडपर्व अवलोकन गर्न नसकेका पर्यटकले सङ्ग्रहालयबाट धेरै कुरा जानकारी प्राप्त हुन्छ, यसले यहाँ आइपुग्ने पर्यटक तथा विभिन्न खोज अनुसन्धान गर्नेका लागि सङ्ग्रहालय उपयोगी बन्न सक्नेछ,' उनले भने।

छेवाङले सङ्ग्रहालयभित्र सदियौँ वर्ष पहिले प्रयोग हुने भाडावर्तन, खेतीपातीमा प्रयोग हुने घरेलु औजार, पूजाका सामग्रीलगायत समान सजाइएका छन् । निकै लामो समय युरोप बसेर स्वदेशमै केही गर्न सकिन्छ भन्ने हेतुले पुख्र्यौली थलो लोमान्थाङ फर्किएका छेवाङ सामाजिक अभियान्ताका साथै पर्यटन पथप्रर्दशक हुनुहुन्छ । उन लोमान्थाङ–५ को वडा सदस्यमा निर्वाचित भएपछि त्यहाँका विकास र समृद्धिका लागि लागि परेका छन्। गाउँठाउँमै बसेर केही आयआर्जन गर्न सकिन्छ भनेर अरुले गर्न नसकेको फरक खालको व्यवसाय शुरू गरेको वडा सदस्य छेवाङ बताउँछन् । उनले सङ्ग्रहालयमा उपल्लो मुस्ताङ लेण्ड स्कीप तस्बिर र जैविक विविधतालगायत तस्बिर ग्यालरी राखेको बताउँछन्।

उपल्लो मुस्ताङको लोमान्थाङ आउने पर्यटकले लोमान्थाङको विगत र वर्तमान अवस्था, मुस्ताङी राजाको दरबार, साँघुरो गल्ली, पर्खालले घरिएको माटोको सहर लोमान्थाङ, यहाँका गुम्बा, मार्ने, छोर्तेनलगायत तस्बिर सङ्ग्रहालयभित्र राखिएको छेवाङले बताए।

छेवाङले भदौ १ गतेदेखि लोमान्थाङमा सङ्ग्रहालय स्थापना गर्नु भएको हो । त्यसो त लोमान्थाङमा आमची घ्याचो बिष्टको आयुर्वेद संग्रालय पनि छ । छेवाङले स्थापना गरेको संग्रालय परिवारका सदस्यहरुले आलापालो गरी चलाउने गरेको जानकारी दिए । यहाँ संग्रालय अवलोकन गर्ने स्वदशी तथा विदेशी पर्यटकलाई अवलोकन शुल्क वापत दुई सय रुप शुल्क उठाउन गरेको वडासदस्य छेवाङले बताउँनुभयो । तर, स्कुल र क्याम्पसमा पढ्ने विद्यार्थीहरुका लागि परिचय पत्र देखाएमा निःशुल्क अवलोकन गर्न पाउँने व्यवस्था गरिएको वडा सदस्य छेवाङको भनाइ छ । सङ्ग्रहालयका लागि स्थानीय पालिकामा संस्था दर्ता भइसकेको उनले जानकारी दिए। रासस

# 'किरातेश्वर ढुङ्गे बगैँचा' पर्यटकको आकर्षणको केन्द्र बन्दै



**भोजपुर।**
टेम्केमैयुङ गाउँपालिका–९ स्थित किरातेश्वर ढुङ्गे बगैँचा पर्यटकको रोजाइको गन्तव्य बनेको छ । यो स्थानमा पर्यटक आकर्षित गर्न पदमार्गलगायत भौतिक संरचना निर्माण गरिएको छ । यहाँका तीन ऐतिहासिक क्षेत्र किरातेश्वर ढुङ्गे बगैँचा, पाँचधारे पोखरी र सिंहदेवीलाई एकीकृत पर्यटकीय क्षेत्रको अवधारणाअनुसार विकास गर्न विस्तृत परियोजना प्रतिवेदन (डिपीआर) तयार पारिएको टेम्केमैयुङ–९ का वडाध्यक्ष नवराज माङपाहाङले बताए।

पर्यटकलाई लक्ष्य गरेर किरातेश्वरमा पदमार्ग, किराती चुलाघर, विश्रामस्थल, चौतारा, साखेवा पोखरीलगायतका संरचना निर्माण गरिएको छ । पाँचधारे पोखरीको संरक्षण र सिंहदेवी देवस्थलमा सांस्कृतिक भवन निर्माण भएको छ । पाँचधारे पोखरीको मौलिक स्वरूप परिवर्तन नगरी मर्मतसम्भार गरिएको छ । रासस

# प्रहरी सेवापछि व्यावसायिक खेतीमा पदम

**झापा।**
यहाँको कचनकवल गाउँपालिका–६ कार्कीझोडाका पदम गौतम (खत्री) अहिले व्यावसायिक कृषि कर्ममा लाग्नुभएको छ।

करिब २५ वर्ष नेपाल प्रहरीमा सेवा गरेर अवकाश पाएपछि जीवनको दोस्रो अध्यायका रूपमा उनले कृषिलाई अँगालेका हुन्।

विसं २०७४ मा प्रहरी नायब निरीक्षकबाट अवकाश पाएको जनाउँदै गौतमले २०७८ सालदेखि व्यावसायिक कृषिलाई आफ्नो जीवनको नयाँ पाटो बनाएको बताए । उनले 'एकीकृत कचनकवल कृषि तथा पशुपन्छी फार्म' दर्ता गरेर पाँच कट्ठाभन्दा बढी जमिनमा कुरिलो, ड्रागन फ्रुट र परीक्षणका रूपमा आभोकाडोखेती शुरू गरेका छन्।



दुई वर्षको अवधिमा उनले ड्रागन फ्रुटखेतीबाट वार्षिक दुई लाख रुपैयाँ आम्दानी गर्न थालेका बताउँदै भने, 'कुरिलोखेतीले तीन वर्षमा रु दुई लाख ५० हजारभन्दा बढी आम्दानी दिएको छ ।' कृषिमा गरेको लगानीले सकारात्मक परिणाम दिन थालेपछि गौतमले आफू भविष्यप्रति आशावादी रहेको बताए।

कचनकवल गाउँपालिका क्षेत्रमा व्यावसायिक रूपमा कुरिलोखेती गर्ने आफू पहिलो कृषक भएको उनको भनाइ छ । 'अरुले व्यक्तिगत प्रयोजन वा थोरै मात्रामा रोपेका होलान्,' उनले भने, 'तर, व्यवस्थित र व्यावसायिक रूपमा उत्पादन गर्ने काम मैले गरेको हुँ।'

बजारको अभाव कृषिकर्ममा लाग्नेहरूका लागि मुख्य चुनौती रहेको गौतमले बताए।

'स्थानीय बजारको अभाव छ,' उनले भने, 'उत्पादन बेच्न बिर्तामोड धाउनुपर्छ ।' उनले कुरिलोलाई अझै पनि स्थानीय बजारमा औषधिका रूपमा मात्र हेर्ने गरिएको बताउँदै सोही कारणले स्थानीय बजारमा खपत नहुने भएकाले ठूला बजारमा पु¥याउनुपर्ने बाध्य रहेको उल्लेख गरे।

गौतमले ५० वटा अभोकाडोका बिरुवा परीक्षणका रूपमा रोपेका छन्। यसबाट तत्काल आम्दानी नभए पनि भविष्यमा सम्भावना रहेको उनको बुझाइ छ।

कृषिलाई थप व्यावसायिक बनाउन उनले गत वर्ष कृषि ज्ञान केन्द्रबाट युवा लक्षित कार्यक्रमअन्तर्गत एक लाख रुपैयाँ अनुदान लिएको जनाउँदै रकम पर्याप्त नभएको बताए।

कुरिलो फागुनदेखि शुरू भई करिब छ महिनासम्म निरन्तर उत्पादन हुने भएकाले बजार सम्भावना प्रशस्त रहेको गौतमको भनाइ छ । माग बढी भए पनि प्रशोधन र भण्डारण प्रणालीको अभावमा किसान मारमा परेका उनले बताए । कृषिजन्य उत्पादनलाई मूल्य सुनिश्चितता दिने नीति, प्रशोधन र भण्डारण प्रणालीको विकास तथा सहुलियत ऋण योजनामा तीनै तहको सरकार लाग्नुपर्नेमा उनले जोड दिए । प्रहरी सेवामा जीवनको महत्त्वपूर्ण समय बिताएका गौतम अहिले माटोसँग जोडिँदै 'सुरक्षित भविष्य कृषिमै छ' भन्ने विश्वाससहित आत्मनिर्भरता र व्यावसायिक सम्भावनाको बाटोमा अघि बढिरहेका छन् । रासस

# डुबेर मृत्यु हुने समस्या समाधानमा नीति निर्माण जरुरी

**काठमाडौँ।**
पद्मकन्या क्याम्पसका उपप्रध्यापक डा भगवती सेढाइँले नेपालमा डुबेर मृत्यु हुनेको संख्या उल्लेख्य रहेको उल्लेख गर्दै समस्या समाधान तथा रोकथामका लागि नीति निर्माण जरुरी रहेको धारणा राखेका छन्।

इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाले विश्व स्वास्थ्य सङ्गठनको सहकार्यमा काठमाडौँमा आयोजना गरेको 'डुबेर हुने मृत्यु रोकथामका लागि राष्ट्रिय परामर्श कार्यशाला'को प्राविधिक सत्रमा उनले भने, 'अब डुबेर हुने मृत्युलाई एक अकाल मृत्युको प्रमुख कारण हो भने घोषणा गरी यसको रोकथामका लागि नीति नियम निर्माण गरी कार्यान्वयनका लागि अगाडि बढ्नुको विकल्प छैन ।' डा सेढाइँ नेपालमा लामो समयदेखि यस विषयमा अनुसन्धान र पैरवी गर्दै आएका छन्।

अनुसन्धानकर्ता डा पुष्पराज पन्तले विभिन्न देशमा गरिएका अध्ययनले प्रभावकारी रोकथामका उपायलाई नेपालको सन्दर्भमा कसरी उपयोग गर्न सकिन्छ भन्ने विषयमा प्रस्तुति दिए। कार्यशालामा नेपालका सबै प्रादेशिक स्वास्थ्य महाशाखाहरूका निर्देशक र प्रतिनिधिको उपस्थितिमा छलफल भएको थियो । त्यस अवसरमा अधिकांश सहभागीहरूले डुबेर हुने मृत्यु विकराल समस्या भइसकेको तथ्याङ्कले देखाएको बताए । उनहरुले यसको रोकथामका लागि सहकार्यद्वारा अकाल मृत्युबाट बालबालिकालगायत सबैलाई जोगाउने खालका कार्यक्रमलाई प्राथमिकता दिनुपर्ने धारणा राखेका थिए । त्यसअघि कार्यशालाको स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले उद्घाटन गरेका थिए । उनले समस्या रोकथामका लागि काम गर्नुपर्नेमा जोड दिए । यसरी मृत्यु हुनेको संख्यालाई शून्यमा झार्नका लागि मन्त्रालय र सरोकारवाला निकायबीच समन्वयात्मक सहकार्य जरूरी भएको उनको भनाइ थियो।

कार्यशालाको पहिलो दिन विश्व स्वास्थ्य सङ्गठन मुख्यालयका क्यारोलिन लुकास्ज्यिकले प्राविधिक कार्यपत्र प्रस्तुत गरेका थिए । साथै डुबेर हुने मृत्यु रोकथामका विशेषज्ञ डा आमिनउर रहमानले बङ्गलादेशको ढाकाबाट कार्यपत्र प्रस्तुत गरेका थिए । विश्व स्वास्थ्य सङ्गठनले सन् २०२१ को तथ्याङ्कमा अधारित भएर प्रकाशित प्रतिवेदनअनुसार नेपालमा वर्ष करिब एक हजार ६ सय जनाको डुबेर मृत्यु भएको थियो । प्रहरीको तथ्याङ्कमा भने यस वर्ष यसप्रकारका घटनामा नौ सयको हाराहारीमा रहेको देखाएको छ । रासस

# आधुनिक बाजाले बादी समुदायको पुख्र्यौली पेसा सङ्कटमा

**कैलाली।**
बल्चौरका तीर्थ बादीलाई मादल बनाउने चटारो छ । सखारै उन काठ काट्ने औजार लिएर घर बाहिर मादल बनाउन राखिएको काठको घार मिलाउँछन् । त्यसपछि तयार भएको मादलमा खरी लगाउने, सुकाउने र डोरी कस्छन् । नारीहरूले सौभाग्य र समृद्धिका निम्ति धार्मिक परम्परानुसार शिवपार्वतीको उपासना एवं पूजा गर्ने तीज नजिकिएसँगै उनको व्यस्तता बढेको हो । मादलको मौस मादल बनाउने र बेच्ने फुर्सद हुँदैन।

शिल्पी तीर्थको सानो कच्ची घर छ । समीपको अर्को कटेरोलाई उनले मादलको गोदाम बनाएका छन् । उनले त्यो गोदाममा बेच्नका लागि ठिक्क पारेका एक दर्जनबढी मादल राखेका छन् । मादल बनाउनको लागि तयार पारेका काठका घार पनि भण्डार गरेका छन् । 'एउटा मादल साधारणतया तयार गर्न ४ दिने लाग्ने गर्दछ । तर मादल बनाउँदा एक दिन घार तयार पार्ने, अर्को दिने कस्ने र खरी लगाउने गरिन्छ । खरी लगाएको मादललाई सुकाएर 'फिनिसिङ' गर्नुपर्छ,' उनले भने।

मादल बनाउने काठ अभाव भएको उनको गुनासो छ । रिट्ठा र आँपको काठमा कला भर्ने उनी बाख्रा, राँगाको छाला र खरीढुङ्गाबाट मादल उत्पादन गर्ने गरेको बताउँछन् ।

'मादल बेचेर वार्षिक छ लाखसम्म आम्दानी हुनेगरेको छ, सात जनाको परिवार यसैले पालेको छु,' एउटा मादले तीन हजार रुपैयाँदेखि १५ हजार रुपैयाँसम्ममा बिक्री हुने गरेको जानकारी दिँदै १६ वर्षदेखि मादल बनाउँदै आएका तीर्थले भने।

स्थानीय सरकारको सहयोग पाएमा मासिक ५० वटा मादल उत्पादन गर्न सकिने बताउँदै उनले आधुनिक बाजाले आफूहरूको पेसा सङ्कटमा परेको सुनाए । बल्चौरकै अर्को मादल व्यवसायी किस्न बादी पनि मादल बनाउन व्यस्त हुन्छन् । तीजमा मादलको माग बढ्ने भएकाले उनलाई चटारो छ । किस्न बादीको पनि मुख्य आयस्रोत मादल बेच्ने नै भएको सुनाउँछन् । बजारको आधुनिक मादलले आफ्नो पेसा नै सङ्कटमा परेको सुनाउदै किस्न बादी व्यावसाय सञ्चालनका लागि स्थानीय र प्रदेश सरकारसँग सहयोगको समेत अपेक्षा गर्नुभएको थियो । उनले मादल बेचेरै वार्षिक ३–४ लाख रूपैयाँ आम्दानी गर्ने गरेको बताउँछन् । बादी समुदायले लामो समयदेखि मादल, दमाहा ठेकी, सुल्फा, हुक्का बनाएर जीविकोपार्जन गर्दै आएको भए पनि हाल आफ्नो पेसा सङ्कटमा परेको दुखेसो उनले गरे । उनले आफ्नो पीडा सुनाउँदै भने, 'हिजोआज वनबाट मादल बनाउने काठ ल्याउन पाइँदैन।'



बादी समुदायले परम्परागत पेसाका रूपमा मादल बनाउँदै आएकामा समाजमा आधुनिक बाजाको प्रचलन बढ्दै जाँदा परम्परागत बाजाको प्रयोग घट्न थालेपछि बादी समुदायको बाजा बनाउने पेसा सङ्कटमा परेको लम्कीचुहा नगरपालिका–३ बल्चौरका रमेश बादीले बताए । लम्कीचुहा नगरपालिका–३ बल्चौरमा बादी समुदायका एक सय ७१ घर छन् । विगतमा घुमन्ते जीवन बिताउँदै आएको समुदायले स्थायी रूपमा बसोबासको सुनिश्चितता भए पनि रोजगारीको अभावमा छिमेकी मुलुक भारतलाई रोजीरोटी आर्जनको थलो बनाएका छन् । यद्यपि यो समुदायका केही सदस्य मादललगायत बाजाका साथै घरेलु हतियार हँसिया, खुकुरी, बन्चरो, खुर्पा तथा कृषि औजार बनाएर परम्परागत पेसालाई निरन्तरता दिइरहेका छन् । बजार अभावमा आफूहरूलाई टिक्न कठिन भएको उनीहरूको गुनासो छ । रासस

# सामुदायिक विद्यालयका शिक्षकलाई वीरगंज महानगरको कडा निर्देशन

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिकाले महानगर मातहतका सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरूलाई आफू कार्यरत विद्यालय बाहेक अन्य विद्यालयमा काम गरे कारबाही गरिने चेतावनी दिएको छ । महानगरका सामुदायिक विद्यालयमा केही शिक्षकले नियमित रूपमा आफ्नो विद्यालयमा उपस्थित नहुने र अन्य विद्यालयमा कार्यरत भएको पाइएकोले पठनपाठनमा असर परेको महानगरपालिकाले जनाएको छ । वीरगंज महानगरपालिकाको शैक्षिक प्रशासन महाशाखा प्रमुख आनन्द लामिछानेले जारी गरेको सूचनामा भनिएको छ, ‘आइन्दा यस प्रकारको कार्य नगर्न शिक्षकहरूलाई नगराउनु हुन अनुरोध छ ।

शिक्षा नियमावली, २०५९ को नियम १३३ र वीरगंज महानगरपालिकाको शिक्षा नियमावली, २०७४ को नियम १०४ बमोजिम आचार संहिता अनिवार्य रूपमा पालन गर्नु पर्नेछ ।’ शिक्षा नियमावली, २०५९ को नियम १३३ अनुसार सामुदायिक विद्यालयका शिक्षकले व्यवस्थापन समिति र जिल्ला शिक्षा अधिकारीको स्वीकृति नलिई आफू कार्यरत विद्यालय बाहेक अन्य विद्यालयमा काम गर्न पाउने छैनन् ।

महाशाखा प्रमुख लामिछानेले भने, ‘यदि शिक्षकहरूले आफू कार्यरत विद्यालय बाहेक अन्य विद्यालयमा काम गरेको पाइएमा प्रचलित नियमानुसार कारबाही प्रक्रिया अगाडि बढाइने छ ।’

उनले शिक्षकहरूलाई आफ्नो जिम्मेवारीप्रति सचेत रहन र विद्यालयको नियमित पठनपाठन सुनिश्चित गर्न निर्देशन दिएका छन् ।

# जलेश्वर अस्पतालका चार स्वास्थ्यकर्मीलाई मधेश सरकारको स्पष्टीकरण




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
सेवामा लापरबाही गरेको आरोपमा महोत्तरीको प्रादेशिक अस्पताल जलेश्वरका चारजना स्वास्थ्यकर्मीलाई मधेश प्रदेश सरकारले लिखित स्पष्टीकरण सोधेको छ । मुख्यमन्त्री सतिश कुमार सिंहको निर्देशनअनुसार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, मधेश प्रदेशले सो निर्णय लिएको हो । मन्त्रालयका अनुसार अस्पतालका मेडिकल अधिकृत डा. शिखा अधिकारी र डा. सद्रे आलम तथा स्टाफ नर्स मन्दिकाकुमारी यादव र रन्जिता साहलाई तीन दिनभित्र लिखित जवाफ पेस गर्न निर्देशन दिइएको छ । मुख्यमन्त्री सिंहलाई महोत्तरीस्थित विभिन्न संघसंस्थाका प्रतिनिधि र स्थानीय सरोकारवालाहरुले मंगलबार ज्ञापनपत्र बुझाएका थिए । ज्ञापनपत्रमा जलेश्वर अस्पतालमा न्यूनतम स्वास्थ्य सेवा नपाएको, चिकित्सक र स्वास्थ्यकर्मीले आचारसंहिता पालना नगरेको, कार्यसम्पादनमा लापरबाही बढेको लगायतका गुनासा समावेश गरिएको थियो । सेवामा लापरबाहीकै कारण उपचार नपाएर केही सर्वसाधारणले ज्यान गुमाउनु परेको स्थानीयको दाबी छ । स्वास्थ्य तथा जनसंख्यामन्त्री शत्रुधनप्रसाद सिंहले सेवाप्रवाहमा लापरबाही गर्नेविरुद्ध कठोर कदम चालिने चेतावनी दिएका छन् । ‘तीन दिनभित्र स्पष्टीकरण नआएमा वा आएको जवाफ चित्तबुझ्दो नभए मन्त्रालयले कानुनी कारबाही प्रक्रिया अघि बढाउनेछ,’ मन्त्री सिंहले भने । यसअघि पनि जलेश्वर अस्पतालमा गुणस्तरीय सेवा नपाएको भन्दै स्थानीयले पटक–पटक विरोध जनाउँदै आएका थिए । तर यसपटक मुख्यमन्त्रीलाई प्रत्यक्ष ज्ञापनपत्र बुझाइएपछि प्रदेश सरकारले तत्काल छानबिन र स्पष्टीकरण प्रक्रियामा प्रवेश गरेको हो ।

# गौरमा दुई दिनको फरकमा दुई जनाको हत्या



**आरके श्रीवास्तव**
**रौतहट ।**
रौतहटको सदरमुकाम गौर नगरपालिकाको एउटै वडामा दुई पुरुषको हत्या भएको छ । दुई दिनको फरकमा भएको घटनाले सदरमुकाममा सन्त्रास फैलिएको छ । बुधवार गौर नगरपालिकाको वडा नम्बर–५ मा रहेको बरहवा पुलनजिकै एक युवकको चक्कु प्रहार गरि विभत्स हत्या गरिएको छ भने दुई दिन पहिले गत सोमवार वडा नम्बर–५ मै रहेको नेपाल लजबाट एक जना व्यवसायीको शव बरामद भएको थियो । गौर नगरपालिका–५ बरहवातालमा बनेको पुलनजिकै यमुनामाई गाउँपालिका–५ का अब्दुल लतिफ मियाका २२ वर्षीय छोरा सहाबुद्दीन मियाको चक्कु प्रहार गरि बुधवार हत्या गरिएको छ । गौर नगरपालिका–३ का नन्दु रामका २० वर्षीय छोरा सनोज रामले मियाको हत्या गरेको जिल्ला प्रहरी कार्यालय रौतहटका सूचना अधिकारी डिएसपि राजु कार्कीले जनाएका छन् । मियाको हत्या गर्ने रामलाई चक्कुसहित नियन्त्रणमा लिइसकेको छ । रामको हातमा पनि घाउ लागेको देखिएको छ । हत्या भएका युवक मिया र हत्या गर्ने राम दुवै जना लागु औषध सेवनकर्ता भएको र लागु औषध सेवन गरेपछि दुवै जनामा झगडा भई एक अर्कामाथि चक्कु प्रहार गरेको प्रारम्भिक अनुसन्धानबाट खुलेको प्रहरीको भनाइ छ । यसैबिच गौर नपा–५ मा रहेको नेपाल लजको २०२ नम्बर कोठामा सप्तरीका ५९ वर्षीय उपेन्द्र कुमार भगतको शव सोमवार भेटिएको थियो । गत साउन २९ गते नेपाल लजमा आएका सप्तरी जिल्लाको खडक नगरपालिका–७ का उपेन्द्र भगत सप्तरीको श्यामबाबा राइस एण्ड ओइल मिल प्रालिबाट असार २५ गतेदेखि बेपता भएका थिए । श्यामबाबा सप्लायर्स प्रालिका सञ्चालकसमेत रहेका भगत लालुप्रसाद अग्रवाल र श्यामसुन्दर अग्रवालसँगै कारोबार गरिरहेका थिए । आर्थिक लेनदेनको क्रममा अपहरणपश्चात् हत्या भएको मृतकका छोरा विकासकुमार भगतले आरोप लगाएका छन् । नेपाल लजका संचालक अमित केशरीले मृतक उपेन्द्र यसअघि दुईपटक लजमा आएर बसेको बताउँदै आफू काम विशेषले लजमा नहुँदा कर्मचारीहरुलाई लजको जिम्मा छोडेको र सोमबार आएपछि ग्राहकहरुको रजिष्टर हेर्दा कर्मचारीलाई २०२ नम्बर कोठामा हेर्न पठाउँदा शव देखेपछि प्रहरीलाई खबर गरेको बताएका छन् । घटनाको विषयमा अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय रौतहटका प्रमुख एसपि नेत्रमणि गिरीले जानकारी गराएका छन् । जिल्लाको सदरमुकाममा नै हत्या तथा शंकास्पद हत्याको गरी दुई वटा ठुला घटना भएपछि सदरमुकाममा सन्त्रास देखिएको छ । स्थानीयवासीमा डरको वातावरण भएको देखिएको छ ।

# कम प्रदूषण हुने इँटा उद्योग सञ्चालन गर्नुपर्छः मुख्यमन्त्री सिंह




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहले जलवायु परिवर्तनका प्रभाव कम गर्न इँटा उद्योगलाई प्रदूषण न्यून पार्ने प्रविधिबाट सञ्चालन गर्न आग्रह गरेका छन् । नेपाल इँटा उद्योग महासंघ मधेश प्रदेश समितिको दोस्रो अधिवेशन उद्घाटन गर्दै मुख्यमन्त्री सिंहले यस वर्ष मधेशमा वर्षा न्यून हुनु र तापक्रम असामान्य रुपमा बढ्नु जलवायु परिवर्तनकै असर भएको उल्लेख गरे । उनले वातावरणमा कम क्षति हुने प्रविधि अपनाएर मात्र उद्योग सञ्चालन गर्नुपर्नेमा जोड दिए ।

मुख्यमन्त्री सिंहले इँटा उद्योगमा दक्ष श्रमिकको ठूलो अभाव रहेकोतर्फ ध्यानाकर्षण गराउँदै स्वदेशमै जनशक्ति उत्पादन गर्ने कार्यक्रम अघि बढाउन निर्देशन दिएका छन् । ‘अधिकांश मजदुर भारतीय भएकाले ठूलो मात्रामा हाम्रो पूँजी बाहिरिन बाध्य हुन्छ । नेपाली श्रमिकलाई दक्ष बनाएर स्वदेशमै रोजगार दिन जरुरी छ,’ उनले भने । प्रदेश सरकार घरेलु तथा साना उद्योगमार्फत आवश्यक तालिम तथा सीप विकास कार्यक्रम सञ्चालन गर्ने तयारीमा रहेको सिंहले जानकारी दिए । मुख्यमन्त्री सिंहले मधेश प्रदेशलाई आत्मनिर्भर प्रदेश बनाउन थोरै कर लिनु प्रदेश सरकारको बाध्यता भएको स्पष्ट पारे । तर, उनले उद्योगको विकास तथा उत्पादनको खपत बढाउन प्रदेश सरकार पूर्ण सहयोग गर्ने आश्वासन दिए । जनकपुरधाम उपमहानगरपालिकाका नगरप्रमुख मनोज कुमार साहले वातावरण प्रदूषण कम गर्ने उपायलाई अनिवार्य रुपमा अवलम्बन गर्न आग्रह गरे । उनले इँटा उद्योगमाथि बढी करको बोझ थोपिँदा त्यसको असर अन्ततः आम उपभोक्तामाथि पर्ने चेतावनीसमेत दिए । नेपालभर दर्ता भएका १ हजार ३ सय ३९ इँटा उद्योगमध्ये ७ सय मधेश प्रदेशमा दर्ता छन् । तीमध्ये ३ सय २० उद्योग हाल सञ्चालनमा रहेका छन् । नेपाल इँटा उद्योग महासंघ मधेश प्रदेशका अध्यक्ष विजय कुमार साहका अनुसार इँटा उद्योगमा करिब ३ लाख मिस्त्री तथा मजदुर कार्यरत छन् । त्यसमा ९० प्रतिशत भारतीय नागरिक रहेका छन् । नेपाली दक्ष श्रमिकको अभावका कारण विदेशी श्रमिकले अवसर पाएको महासंघको भनाइ छ ।

# गुठी संस्थानको जग्गा विवादमा महासंघ र बारबिच सहमति, पत्रकारहरुबीच असन्तुष्टि



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
गुठी संस्थानको जग्गा विवादलाई लिएर नेपाल पत्रकार महासंघ मधेश प्रदेश समिति र नेपाल बार एसोसिएशन जनकपुरधामबीच भएको सहमतिपछि प्रदेशभरका पत्रकारहरु आक्रोशित भएका छन् । महासंघका अध्यक्ष श्यामप्रसाद बन्जारा र र बारका अध्यक्ष अधिवक्ता विमलकुमार मिश्रले हस्ताक्षर गरेको सहमति पत्र सार्वजनिक भएपछि पत्रकारहरुले यसलाई ‘अपमानजनक र आत्मसमर्पण’ को संज्ञा दिएका छन् । सम्झौता अनुसार पत्रकार महासंघले गुठी संस्थानबाट प्रतिवर्ष तीन लाख एक हजार एक सय रुपैयाँमा २० वर्षका लागि लिएको चार कट्ठा जग्गामध्ये केही भाग बारलाई दिने भएको छ ।

दुवै संस्थाले लिजको अधीनमै रहेर आपसी सहमति अनुसार उक्त जग्गाको उपयोग गर्ने व्यवस्था गरिएको छ । साथै, दुई दिनभित्र एक–अर्काविरुद्धका सबै कानुनी मुद्दा फिर्ता लिने वा निष्क्रिय बनाउने र आपसी आलोचनात्मक सामग्री सामाजिक सञ्जालमा पोस्ट नगर्ने सहमति गरिएको छ । पत्रकार महासंघले गरेको उक्त सहमति सार्वजनिक भएपछि प्रदेशभरका पत्रकारहरुले खुलेर असहमति जनाएका छन् । पत्रकार सुभाष कर्णले सामाजिक सञ्जालमा लेख्दै, ‘पत्रकार र वकिलबीच भएको विवादमा महासंघले नतमस्तक भएर गरेको निर्णय घोर आपत्तिजनक छ । यो पत्रकारहरुको मुखमा तमाचा हो,’ भनेका छन् । मधेश प्रदेश परिषद् सदस्य रञ्जन भण्डारीले यसलाई लज्जास्पद सम्झौता भन्दै कार्यसमितिप्रति विश्वास गुमाउने अवस्था आएको टिप्पणी गरेका छन् । ‘आफ्नै पत्रकारको सुरक्षा गर्न नसक्ने, न्यायको पक्षमा उभिन नसक्ने महासंघको कार्यसमितिमाथि भविष्यमा भरोसा गर्न सकिँदैन,’ उनले लेखेका छन् । त्यस्तै, पत्रकार कमलेश ठाकुरले विज्ञप्तिमा जग्गाको विवरण स्पष्ट नलेखिएको र घाइते पत्रकारको पक्षमा सहज समाधान खोज्ने प्रयास नगरी आत्मसमर्पण गरिएको आरोप लगाएका छन् । उनले भने, ‘दश–दश धुर पार्किङ र बाटोको लागि लिजमा जग्गा दिएर महासंघले आत्मसमर्पण गरेको हो । सात दिनदेखि क्रियाशील पत्रकार अल्झिरहँदा सामान्य छलफलसम्म नगरी गरिएको यो सम्झौता नेतृत्वको कमजोरी हो ।’ पत्रकार महासंघ मधेश प्रदेश समितिले बारसँग गरेको सम्झौतापछि संगठनकै सदस्यहरुबीच असन्तुष्टि चुलिएको छ । धेरै पत्रकारहरुले सामाजिक सञ्जालमार्फत विरोध जनाउँदै महासंघले पत्रकारहरुको हित र न्यायका लागि भन्दा पनि आफ्नो ‘सुविधा सुरक्षित गर्ने’ बाटो रोजेको टिप्पणी गरेका छन् । यता, नेपाल पत्रकार महासंघ मधेश प्रदेशका सचिव हदिश खुद्दारले गुठी संस्थानको जग्गा विवादमा कुनै गलत बुझाइ आवश्यक नभएको बताएका छन् । उनले पत्रकार महासंघले आफ्नो संस्थागत हितलाई प्राथमिकतामा राख्दै नेपाल बार एसोसिएशनसँग पार्किङ प्रयोजनका लागि मात्र सब–लिजमा सहमति गरेको प्रष्ट पारेका छन् । सचिव खुद्दारका अनुसार सम्झौतामा महासंघले बारलाई सब–लिजमार्फत वार्षिक रकम लिने व्यवस्था गरिएको छ । ‘कसैलाई पनि भ्रममा पार्न जरुरी छैन । यो सम्झौता पत्रकारहरुको आत्मसम्मानमा चोट पुर्याउने खालको होइन,’ उनले भने । उनले घाइते भएका पत्रकारहरुलाई बेवास्ता गरिएको भन्ने आरोप असत्य भएको स्पष्ट पार्दै भने, ‘कसैको आत्मसम्मानमा आच पुग्ने गरी कुनै सम्झौता भएको छैन ।’ सचिव खुद्दारले महासंघले भविष्यमा पत्रकारहरुको साझा आवश्यकता पूरा गर्ने गरी बहुउद्देश्यीय भवन निर्माण गर्ने योजना राखेको बताएका छन् ।




मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन